ehetaudasandesh.com
हेटौंडा
राष्ट्रिय दैनिक
सन्देश
प्रदेश "क" वर्ग
Hetauda Sandesh Daily
वर्ष:२५ ॥ अंक: ३४८ ॥ सोमबार २५ जेठ २०८३ ॥ अष्टमी ॥ ने.सं. ११४६ ॥ अनलागा ॥ Monday 8 June 2026 ॥ पृष्ठ: ४ ॥ मूल्य: रु.३/-

रानी सामुदायिक वनको अवलोकन

सन्देश संवाददाता

हेटौडा/सामुदायिक वनको क्षेत्रमा प्रशिद्ध हेटौडामा रहेको रानी सामुदायिक वनको अवलोकन गरिएको छ। कपिलवस्तु जिल्ला बाणगंगा नगर पालिका वडा नं. ८ मा रहेको मधुवन सामुदायिक वनका पदाधिकारी, जनप्रतिनिधि र उपभोक्ताले हेटौडा-६ चौघडामा रहेको सामुदायिक वनको अवलोकन गरेका हुन।

सहभागीहरुलाई वनको दिगो वन व्यवस्थापनमा देखिएका समस्या र समाधानका उपायहरु, वनको व्यवस्थापन, सदुपयोग, संस्थागत विकास, कार्यालय व्यवस्थापन, महिला सहभागीता, पर्यापर्यटनलगायतका विषयहरुमा दुवै पक्षबाट जानकारी आदान प्रदान गरिएको थियो।

सहभागीहरुलाई समूहका कार्यसमिति सदस्य पूर्णभद्र चौलागाई, केदारप्रसाद अधिकारी र कार्यालय सचिव भीमसेन पौडेलले वनले गरेका विभिन्न कार्यहरुको बारेमा जानकारी गराएका थिए। मधुवन सामुदायिक वनका अध्यक्ष दिपकप्रसाद सापकोटाको नेतृत्वमा आएको भ्रमण दलमा बाणगंगा नगरपालिका वडा नं ८ का वडाअध्यक्ष बाबुराम अर्याल, संस्थाका पदाधिकारी, पूर्वअध्यक्ष, सल्लाहकार, उपभोक्ता र कर्मचारीसमेत गरि ४२ जनाको सहभागिता थियो।

२०५७ सालको सर्वमान्य गणेशमान सिंह वनको हालसम्म ५ सय ८२ वटा विभिन्न संस्थाहरुका भ्रमण टोलीले अवलोकन गरिसकेको वन समूहले जनाएको छ।

हेटौंडा कपडा उद्योग पुनर्जीवनको आवश्यकता

सन्देश संवाददाता

काठमाडौं/नेपाल ऐतिहासिक मोडमा उभिएको छ। एकातिर तीव्र सहरीकरण, बेरोजगारी, अव्यवस्थित पूर्वाधार, प्रदूषण, भ्रष्टाचार र आयातमा निर्भर अर्थतन्त्रजस्ता चुनौती छन् भने अर्कातर्फ जलस्रोत, प्राकृतिक सौन्दर्य, सांस्कृतिक सम्पदा, युवा जनशक्ति र भौगोलिक अवस्थिति जस्ता अपार सम्भावना पनि छन्।

कृषि, पशुपालन, उत्पादनमूलक उद्योग, साना तथा मझौला उद्योगलाई राष्ट्रिय प्राथमिकतामा राख्नुपर्छ। बिगतमा सफल मानिएका गोरखकाली टायर, हेटौंडा कपडा उद्योग, बुटवल धागो उद्योग, वीर गञ्ज चिनी कारखाना, भृकुटी कागज कारखाना, जनकपुर चुरोट कारखाना, बाँसबारी छाला तथा जुत्ता उद्योग र हिमाल सिमेन्टजस्ता उद्योगहरुको पुनर्जीवन आजको आवश्यकता हो। यी उद्योगहरुलाई आधुनिक प्रविधि, व्यावसायिक व्यवस्थापन र सार्वजनिक-निजी साझेदारीमार्फत् पुनर्सञ्चालन गर्न सके आयात प्रतिस्थापन, उत्पादन वृद्धि, रोजगारी सिर्जना र औद्योगिक आत्मविश्वास पुनर्स्थापित गर्न ठूलो योगदान पुग्नेछ। नेपालले 'मेक इन नेपाल' अभियानमार्फत् स्वदेशी उत्पादन र नवप्रवर्तनलाई प्रोत्साहन गर्दै आत्मनिर्भर अर्थतन्त्र निर्माणतर्फ अघि बढ्नुपर्छ।

यही सन्दर्भमा 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकांक्षालाई सफल बनाउन अब नेपालले समृद्ध सहरको अवधारणालाई विकासको मुख्य आधार बनाउनु आवश्यक छ। अबको नेपाल केवल सडक र भवनले बनेको सहर होइन, प्रविधि, सुशासन, हरित ऊर्जा, नवप्रवर्तन, रोजगारी र नागरिकमैत्री सेवाले सञ्चालन हुने समृद्ध राष्ट्रतर्फ अघि बढ्नुपर्छ।

समृद्ध सहर भनेको केवल डिजिटल प्रविधि प्रयोग भएको सहर मात्र होइन। यो आर्थिक, सामाजिक, वातावरणीय र प्रशासनिक रुपान्तरणको समग्र मोडेल हो। यस्तो सहरमा स्मार्ट नागरिक, स्मार्ट संस्था, स्मार्ट समुदाय र स्मार्ट शासनको विकास गरिन्छ। कृत्रिम बुद्धिमत्ता, इन्टरनेट अफ थिङ्स, क्लाउड कम्प्युटिङ, ब्लकचेन, फाइभजी नेटवर्क, डाटा सेन्टर, डिजिटल सेवा, हरित ऊर्जा र दीगो पूर्वाधारलाई एकीकृत गरी नागरिकको जीवनस्तर सुधार गरिन्छ। समृद्ध सहरको अन्तिम लक्ष्य भनेको 'सुखी नागरिक, समृद्ध समाज र आत्मनिर्भर राष्ट्र' निर्माण गर्नु हो।

नेपालको सबभन्दा ठूलो प्राकृतिक सम्पत्ति जलविद्युत् हो। हिमालयबाट बग्ने हजारौं नदीले नेपाललाई दक्षिण एसियाको ऊर्जा केन्द्र बन्ने अवसर दिएका छन्। ठूलो मात्रामा जलविद्युत् उत्पादन गरी स्वदेशी आवश्यकता पूरा गरेपछि अतिरिक्त विद्युत् छिमेकी मुलुकमा निर्यात गर्न सकिन्छ। सौर्य ऊर्जा र पवन ऊर्जामा लगानी विस्तार गरी नेपाललाई स्वच्छ ऊर्जा सम्पन्न राष्ट्र बनाउन सकिन्छ। विद्युतीय सवारी, विद्युतीय बस, केबलकार र विद्युतीय रेलको विस्तारले प्रदूषण घटाउनुका साथै इन्धन आयातमा ठूलो कमी ल्याउनेछ। रेलमार्गले कृषि तथा औद्योगिक उत्पादनलाई बजार सम्म छिटो पुऱ्याउन मद्दत गर्नेछ। नेपालको चिसो हिमाली वातावरण र जलविद्युत्को उपलब्धताले डाटा सेन्टर, उच्च क्षमतायुक्त कम्प्युटिङ तथा डिजिटल उद्योग स्थापना गर्न पनि ठूलो सम्भावना सिर्जना गरेको छ।

नेपालको पर्यटन क्षेत्रलाई पनि स्मार्ट पर्यटनमा रुपान्तरण गर्नुपर्छ। विश्वकै उत्कृष्ट हिमाल, धार्मिक सम्पदा, सांस्कृतिक विविधता र प्राकृतिक सौन्दर्य हुँदाहुँदै पनि नेपालले पर्यटनबाट अपेक्षित लाभ लिन सकेको छैन। अब सुपर हाइवे, अन्तर्राष्ट्रिय विमानस्थल, डिजिटल बुकिङ प्रणाली, किफायती माउन्टेन फ्लाइट, योग तथा ध्यान पर्यटन, धार्मिक पर्यटन, इको-टुरिज्म र भर्चुअल पर्यटन प्रणालीलाई प्राथमिकता दिनुपर्छ। सम्पदा क्षेत्रमा क्युआर कोड, बहुभाषिक डिजिटल गाइड, भर्चुअल रियालिटी तथा स्मार्ट टिकटिङ प्रणाली लागु गर्न सकिए नेपाललाई विश्वस्तरीय पर्यटन गन्तव्य बनाउन सकिन्छ। पर्यटनलाई स्थानीय कृषि, हस्तकला, होटल, यातायात र ग्रामीण अर्थतन्त्रसँग जोड्ेर लाखौं रोजगारी सिर्जना गर्न सकिन्छ।

कृषि नेपालको अर्थतन्त्रको मेरुदण्ड भए पनि अझै परम्परागत् प्रणालीमै सीमित छ। अब वैज्ञानिक कृषि, आधुनिक सिंचाई, डिजिटल कृषि र व्यावसायिक पशुपालनलाई राष्ट्रिय प्राथमिकता बनाउनु आवश्यक छ। माटोको अवस्था, तापक्रम, आर्द्रता र मौसमको जानकारी दिने सेन्सर, ड्रोन प्रविधि, स्वचालित सिंचाई प्रणाली तथा ईमण्डी प्लेटफर्मले कृषिलाई आधुनिक र उत्पादनमुखी बनाउन सक्छ। सीमित जमिनमा बढी उत्पादनका लागि भर्टिकल फार्मिङको अवधारणा सहरी क्षेत्रमा प्रभावकारी हुनसक्छ। कृषि उत्पादनलाई प्रशोधन, प्याकेजिङ, ब्राण्डिङ र निर्यातसँग जोड्न सके नेपालले ठूलो आर्थिक लाभ लिनसक्छ। नेपालमा उत्पादित अलैंची, अदुवा, चिया, जडीबुटी, कपास, दलहन, मसला, पस्मिना, गलैंचा तथा हस्तकलाजस्ता उत्पादनलाई अन्तर्राष्ट्रिय ब्रण्डका रुपमा विकास गर्न सकिन्छ। नेपाली उत्पादन खुकुरी रमले अन्तर्राष्ट्रिय बजारमा स्थापित गरेको सफलताले देखाएको छ कि गुणस्तरीय नेपाली उत्पादन विश्वबजारमा प्रतिस्पर्धा गर्न सक्षम छन्। हिमाली मुहानको पानीबाट उत्पादित पेय पदार्थ, छाला उद्योग, जडीबुटी तथा अन्य स्थानीय उत्पादनलाई पनि विश्व बजारमा प्रबर्द्धन गर्न सकिन्छ। मूल्य अभिवृद्धि, औद्योगिकीकरण र निर्यातमुखी उत्पादनले नेपालको व्यापार घाटा घटाउन महत्वपूर्ण भूमिका खेल्नेछ।

सूचनाप्रविधि र डिजिटल शासन समृद्ध नेपालको आधारशीला हो। नेपालका युवाहरुलाई सूचना प्रविधिमा दक्ष बनाइ विदेशी आउट सोर्सिङ कम्पनी, सफ्टवेयर उद्योग, डिजिटल सेवा र स्टार्टअप इकोसिस्टम विकास गर्न सकिन्छ। ई-गभर्नेन्स प्रणालीले सरकारी सेवा स्वचालित, पारदर्शी र प्रभावकारी बनाउनेछ। फेसलेस तथा पेपरलेस सेवाले भ्रष्टाचार नियन्त्रणमा ऐतिहासिक परिवर्तन ल्याउन सक्छ। नागरिकता, राहदानी, मालपोत, कर, लाइसेन्स, सामाजिक सुरक्षा, स्वास्थ्य सेवा र व्यवसाय दर्ताजस्ता सेवाहरु मोबाइल वा अनलाइन प्रणालीमार्फत् उपलब्ध गराउनु पर्ने भएको छ।

नेपालका सहरहरुमा ट्राफिक जाम, फोहर व्यवस्थापन, पानी चुहावट र अव्यवस्थित सहरीकरण गम्भीर चुनौतीका रुपमा देखापरेका छन्। कृत्रिम बुद्धिमत्तामा आधारित स्मार्ट ट्राफिक प्रणाली, स्मार्ट पार्किङ, सार्वजनिक यातायात ट्र्याकिङ, स्मार्ट सडक बत्ती, स्मार्ट पानी मिटर, फोहर व्यवस्थापन सेन्सर तथा ऊर्जा दक्ष प्रणाली लागु गर्न सकिएमा सहरहरु व्यवस्थित र दीगो बन्न सक्छन्। फोहरबाट ऊर्जा उत्पादन, रिसाइक्लिङ प्लान्ट तथा हरित भवन मापदण्डले वातावरण संरक्षणमा ठूलो योगदान दिनेछ।

स्वास्थ्य र शिक्षा क्षेत्रमा डिजिटल रुपान्तरण अपरिहार्य भइसकेको छ। डिजिटल हेल्थ कार्ड, टेलिमेडिसिन, इलेक्ट्रोनिक मेडिकल रेकर्ड तथा स्मार्ट अस्पताल प्रणालीले स्वास्थ्य सेवा सहज र प्रभावकारी बनाउनेछ। डिजिटल कक्षाकोठा, अनलाइन शिक्षा प्लेटफर्म, कृत्रिम बुद्धिमत्ता आधारित शिक्षण प्रणाली तथा ब्लकचेनमा आधारित शैक्षिक प्रमाणपत्रले नेपालको शिक्षा प्रणाली लाई आधुनिक बनाउनेछ। सरकारी विद्यालय र अस्पतालालाई स्मार्ट प्रणालीमार्फत् सुदृढ बनाउनु राष्ट्रिय प्राथमिकता हुनुपर्छ।

रोजगारी सिर्जना र औद्योगिक पुनर्जागरण समृद्ध नेपालको अत्यन्त महत्वपूर्ण आधार हो। दीगो समृद्धि तबमात्र सम्भव हुन्छ, जब देशभित्र सम्मानजनक रोजगारीका अवसरहरु सिर्जना हुन्छन्। नेपाल अब वैदेशिक रोजगारी र विप्रेषणमा आधारित अर्थतन्त्रबाट स्वदेशी उत्पादन, उद्यमशीलता र औद्योगिक विकासमा आधारित अर्थतन्त्रतर्फ रुपान्तरण हुनुपर्छ। विशेषगरि ग्रामीण क्षेत्रमा घरेलु तथा कुटिर उद्योगहरुको प्रबर्द्धन आवश्यक छ। स्थानीय उत्पादनलाई ब्राण्डिङ, डिजिटल मार्केटिङ र सहकारी मोडेलमार्फत् राष्ट्रिय तथा अन्तर राष्ट्रिय बजारसँग जोड्न सकिए लाखौं युवालाई स्वदेशमै स्वरोजगार र रोजगारी सिर्जना गर्न सकिन्छ।

समृद्ध नेपालको अवधारणा सफल बनाउन तत्काल केही व्यवहारिक कदम चाल्नु आवश्यक छ। सरकारी सेवामा फेसलेस प्रणाली लागु गर्नुपर्छ। नागरिक सेवाका मोबाइल एप, सरकारी कार्यालयमा क्यु म्यानेजमेन्ट प्रणाली, सार्वजनिकस्थलमा गन्धरहित आधुनिक शौचालय, अस्पतालमा स्मार्ट स्वास्थ्य प्रणाली, सरकारी विद्यालयमा डिजिटल शिक्षा, नागरिक सहायता कल सेन्टर तथा सामाजिक सञ्जाल मार्फत् जनचेतना अभियानलाई प्राथमिकता दिनुपर्छ। कर, दर्ता, खोप, सामाजिक सुरक्षा भत्तालगायत सेवाहरु स्वचालित प्रणालीमार्फत् सञ्चालन गर्नुपर्छ। महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिहरुलाई प्राथमिकता दिइ समावेशी विकास सुनिश्चित गर्नुपर्छ।

निर्देशनालयदेखि बोर्डसम्म खारेज

सुनिता विष्ट

हेटौडा/बागमती प्रदेश सरकारले प्रशासनीक पुर्नसंरचना हेरफेर गर्ने निर्णय गर्‍यो। प्रदेश सरकारको खर्च कटौती गर्ने उद्देश्यले प्रदेशका करिब ५० वटा कार्यालय र ६ वटा मन्त्रालय कटौती गर्ने तयारीमा प्रदेश सरकार जुटेको थियो। तर, गत बिहीबार बसेको मन्त्रीपरिषदको बैठकले १० वटा मात्रै कार्यालय खारेज गर्ने निर्णय गर्‍यो। हाल प्रदेश संरचना मातहतका २०१ कार्यालयबाट १९९ वटा कार्यालय रहने गरी निर्णय गरिएको हो।

प्रदेश मन्त्रालयको समायोजनको निर्णय भने यसअघि नै भैसकेको थियो। आउँदो साउन १ गतेदेखि लागु हुनेगरी १४ मन्त्रालयबाट ८ वटा मात्रै मन्त्रालय रहने निर्णय भैसकेको छ। जसअनुसार हाल रहेका मन्त्रालय हरुलाई ८ वटा मन्त्रालयमा समायोजन गर्नेगरी मन्त्रालयको नामसमेत दुंगो लगाईसकिएको छ।

कुन कुन कार्यालय हटाइयो ?

त्यसोत, मन्त्रीपरिषद् बैठक बाट हटाइने निर्णय भएको कार्यालयहरुमा निर्देशनालयदेखि बोर्डहरुसमेत रहेका छन्। यसअघि प्रदेशको ५ वटा निर्देशनालय खारेजी गर्ने बताउँदै आएको प्रदेश सरकारले एउटा मात्रै निर्देशनालय खारेजी गर्ने निर्णय गरेको छ। उद्योग, वाणिज्य उपभोक्ता हित संरक्षण निर्देशनालय खारेज गर्ने निर्णय भएको मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयले जनाएको छ। प्रदेशको उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालय मातहत रहेको उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय खारेज गरिएको छ।

यस्तै, कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहतको दुग्ध विकास बोर्ड खारेज गर्ने निर्णय गरिएको छ। भौतिक पूर्वाधार विकास मन्त्रालय मातहतको दुईवटा कार्यालय खारेज गर्ने निर्णय भएको छ। भवन पूर्वाधार कार्यालय, सिन्धुली र भवन पूर्वाधार कार्यालय नुवाकोट खारेज गर्ने निर्णय भएको हो।

सहकारी तथा गरिबी निवारण मन्त्रालय मातहतको बागमती प्रदेश सहकारी समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय खारेज हुनेछ भने प्रदेश सहकारी विकास बोर्डसमेत खारेज भएको छ। संस्कृति तथा पर्यटन मन्त्रालय मातहत रहेको पर्यटन विकास आयोजना मकवानपुर काठमाडौं र चितवन पनि खारेजीमा परेको छ। यस्तै, प्रदेश युवा परिषदको कार्यालय पनि खारेज गरिएको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयद्वारा स्वीकृत निर्णय अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मातहत ३ वटा कार्यालयहरु रहने छन्। मुख्यमन्त्री कार्यालय, प्रदेश सुशासन केन्द्र र प्रदेश किताबखाना गरी तीनवटा कार्यालय रहने बताइएको छ। आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालयअन्तर्गत सञ्चार रजिष्ट्रारको कार्यालय, सहकारी रजिष्ट्रारको कार्यालय, सहकारी तालिम केन्द्र भने रहने छन्।

आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश लेखा नियन्त्रक कार्यालय र ५ वटा प्रदेश लेखा इकाई कार्यालयहरु रहने छन् भने उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालयमा २७ वटा कार्यालय रहने भएका छन्। त्यस्तै कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालयमा ६० वटा, खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालयमा २० वटा, स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालयमा ५३ वटा, भौतिक पूर्वाधार विकास मन्त्रालयमा १७ वटा निकाय रहने छन्। भौतिक पूर्वाधार विकास मन्त्रालय मातहत रहेको यातायात पूर्वाधार निर्देशनालयको नामाकरण परिवर्तन गरेर पूर्वाधार विकास निर्देशनालय राख्ने निर्णय भएको छ।

कस्तो बन्छ मन्त्रालय ?

त्यसोत, हाल मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयसहित १४ मन्त्रालय रहेको बागमतीमा साउन १ गतेदेखि ८ वटा मात्रै कायम रहने निर्णय भएको छ। जसमा हाल रहेका मध्ये ६ वटा मन्त्रालयहरुलाई मर्ज गर्ने मन्त्रीपरिषदले निर्णय गरेको हो।

६ वटा मन्त्रालयहरूलाई मर्ज गरेर अब मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसहित आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय, उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय र स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय कायम गरिएको हो।

उखान: शहर र गाउँमा दुई फरक छन् ।

॥ ॥ बेलाको बोली ॥ ॥

जंगलमा दुई बाटो छुँइए, मैले सबैभन्दा कम हिडिने बाटो रोजे र यसले नै मेरो सबैथोक बदलिदियो
- रोबर्ट फ्रष्ट

हेटौंडा सन्देश

सम्पादकीय

बिद्युत नियमित हुन्छ ?

नेपाल देशको राजधानी काठमाडौं, राज्य पुनर्संरचनापछि काठमाडौंको पनि राजधानी यानी बागमती प्रदेशको राजधानी हेटौंडा, हेटौंडाको पनि राजधानी यानी बागमती प्रदेश सरकारको प्रमुख केन्द्र बागमती प्रदेशका मुख्यमन्त्रीको कार्यालय र आवासलगायत ४ वटा मन्त्रालयहरू, जिल्लाका प्रमुख सरकारी कार्यालयहरू जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, नापी कार्यालय, लोकसेवा आयोग, जिल्ला तथा पुनरावेदन अदालत, हेटौंडा उपमहानगरपालिकालगायत जिल्लाकै ठूलो मकवानपुर क्याम्पस क्षेत्रमा बिगत एक सातादेखि बिद्युत आपुर्ति नियमित हुन सकेको छैन ।

यस क्षेत्रका स्थानीयबासी कहिले बिद्युत आउला भनेर घर अगाडि कुरेर बसेको आज १ हप्ता भयो । बरू देशका बिकट मानिने क्षेत्र रुकुम रोल्पामा बिद्युत आपुर्ति सहज भइको होला तर नेपालकै मुटुमा रातको समयमा मात्र बिद्युत आउने तर दिउंसो सूर्यकै प्रकाशमा काम चलाउनु पर्ने अवस्था अहिले देखिएको छ । नेपाल बिद्युत प्राधिकरणको केही समस्याका कारण बिद्युत अवरुद्ध भएको हुन सक्दछ भन्दै सो क्षेत्रका स्थानीयबासी चुप बसेका थिए । तर, एक हप्तासम्म पनि बिद्युत सूचारू नगर्ने कस्तो कालायक नेपाल बिद्युत प्राधिकरण हेटौंडा ग्रिड शाखा ? प्राधिकरण हेटौंडा प्रमुखलाई यत्ति पनि थाहा नभएको होला कि यही क्षेत्रमा महंगो गाडिआडा तिरेर सदरमुकाम आएर नागरिकता बनाउन आउंदा बिद्युतका कारण कति दिन धाउनु पर्ला, बिद्युतकै कारण जनताले कति दुःख पाएका होलान ?

सरकारी कर्मचारीले त सेवाग्राहीलाई लाईन छैन काम हुन सक्दैन भनेर पल्छिन पाउछन् भने ति गरिब नागरिकले कति दिन कामको लागि घरबाट आवत जावत गर्नुपर्ने होला ? यसतर्फ प्राधिकरणका प्रमुखको ध्यान किन नगएको होला ? वा उहालाई कसले भनिदिनु पर्ने होला । यद्यपी प्रमुख जिल्ला अधिकारी, मुख्यमन्त्रि तथा नगर प्रमुखज्यूहरूले पनि फोन गर्नुभएकै होलानु अनि एउटा ट्रान्सफर्मर परिवर्तन गर्न १ हप्ता लाग्छ भने प्राधिकरण कति स्मार्ट रहेछ भनेर स्थानीयले राम्रैसंग बुझ्ने मौका पाएकाछन्, त्यसैले मानसचेकबासी प्रश्न गर्दैछन् कि बिद्युत लाईन कहिलेसम्म नियमित सुचारू होला प्राधिकरण प्रमुखज्यू ?

मकवानपुरमा आज

१: जानकारीमा नआएको ।

तपाईको आज

मेष सहयोगको आशा देखाउनेहरूबाटै धोका पाइएला । व्यावसायिक काममा खर्च बढ्नेछ । अरूका काममा महत्वपूर्ण समय बित्न सक्छ ।

वृष आजका योजना पूर्ण कार्यान्वयन नहुन सक्छन् । सोचेको काम समयमा सम्पादन गर्न नसकिने र अवसर फुत्केने सम्भावना देखिन्छ ।

मिथुन तत्काल लाभ नभए पनि पछिकालागि काम गर्ने समय छ । उपलब्धिका लागि अझै केही समय प्रतीक्षा गर्नुपर्ला, कामको चाप बढ्नेछ ।

कर्कट सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलतालाे पनि थप काम गर्न हौसला प्रदान गर्नेछ । जमघट बढ्नाले आनन्दित भइनेछ ।

सिंह स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । परिवारजनसँग आत्मीयता बढ्नेछ । परम्परालाई समयसापेक्ष परिवर्तन गर्न सकिने योग देखिएको छ ।

कन्या नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन् । श्रमको उचित मूल्यांकन हुनेछ । प्रयत्न गर्दा छोटो समयमै काम बनाउन सकिनेछ ।

तुला विगतका निर्णयले काम विग्रन सक्छ । बेसुरमा बचन दिने बानीले दुःख पाइनेछ । घर-गृहस्थीमा समस्या आउन सक्नेछ, बाधा पुग्न सक्छ ।

वृश्चिक पुरुषार्थी काम प्रारम्भ हुनेछ । दिगो काममा जग बसाउने मौका छ । विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ । भेटघाटले उत्साह जगाउनेछ ।

धनु सहयोगीहरूले राम्रो साथ दिनेछन् । रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ । उद्योग र व्यापारमा विशेष फाइदाको योग छ ।

मकर कामको लागत बढ्नेछ । तत्काल फाइदा उठाउँदा पछिको लाभांश घट्न सक्छ । स्थितिमा सुधार आउनुका साथै विभिन्न अवसरहरु प्राप्त हुनेछन् ।

कुम्भ प्रतिस्पर्धीलाई पछि पार्न सकिनेछ । आम्दानी बढ्नेछ । विगतका कर्मको उचित प्रतिफल पाइनेछ । व्यवसायमा राम्रो फाइदा उठाउन सकिनेछ ।

मिन रमाइलो यात्रा गर्ने साइत जुर्न सक्नेछ । मित्रता र प्रेमको बन्धन कसिनेछ भने अतिथिको रूपमा सत्कार प्राप्त हुनेछ भने धनलाभ हुनेछ ।

हाम्रो सम्पर्क ठेगाना
हेटौंडा-२, मानसचोक,
फोन नं. : ०५७-५२२२३७
सम्पादक: ९८५५०८५०२३६, समाचार शाखा : ९८४५०२१८०३
विज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

बिपी, बालेन र वर्तमान

बिपी विचारको कसीमा बालेन र वर्तमान

✍बिनोदचन्द्र कोईराला

"हामी साना छौं तर स्वाभिमानी छौं"
-बिपी कोइराला



"बराबरी हैसियतमा मात्र कूटनीतिक वार्ता सम्भव छ" -बालेन्द्र शाह

वि.सं.२००७ सालको जनक्रान्तिद्वारा व्यक्त जनादेशअनुसार तत्काल संविधान सभाको चुनाव गराउनु पर्ने थियो तर तत्कालीन राजा त्रिभुवन र महेन्द्रले विभिन्न बहानामा यसलाई टार्दै लगेका थिए ।

अन्ततोगत्वा नेपाली कांग्रेसको नेतृत्वमा २०१४ मा भद्र अवज्ञा आन्दोलन सुरु भयो । त्यसपछि भने संविधान सभाको चुनाव नगराए पनि कम्तीमा संसदीय निर्वाचन गराउन भने उनी बाध्य भए । २०१५ फागुन ७ बाट सुरु गरी करिब ४५ दिन लगाएर आमनिर्वाचन सम्पन्न गराए तर परिणाम भने महेन्द्रको आंकलन र चाहनाभन्दा बिल्कुलै भिन्न आयो । अर्थात् कांग्रेसले दुईतिहाइ (१७९ मा ७४) सिट जित्यो । उनको इच्छाविपरीत २०१६ जेठमा बिपी कोइरालाको नेतृत्वमा पहिलो जननिर्वाचित सरकार गठन भयो । महेन्द्र चाहन्थे- सुवर्ण शमशेरको नेतृत्वमा सरकार बनोस् तर शमशेर स्वयमले भने बिपीको नेतृत्व (प्रधानमन्त्रित्व) स्वीकार्न चाहे । शमशेरकै चाहनाबमोजिम बिपीको नेतृत्वमा समावेशी सरकार गठन भयो ।

बिपी नेतृत्वको उक्त सरकारको पहिलो मन्त्रिपरिषद् बैठकको निर्णय थियो, प्रधानमन्त्री लगायत मन्त्रीहरूको सेवा सुविधा कटौती । त्यसपछि १८ महिनाको छोटो अवधिमा निकै उल्लेखनीय काम भए । क्रान्तिकारी भूमिसुधार, वन जंगल अधिग्रहण, बिर्ता उन्मूलन, राज्य/रजौटा उन्मूलन, कर प्रणालीको सुरुवात, चौमासिं मित्रता सन्धी, इजरायललाई मान्यता, अमेरिका, बेलायत लगायतका मुलुकसंग अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार, संयुक्त राष्ट्र संघलाई सम्बोधन, भारतसंगको सन्धी पुनरावलोकन, शिक्षा पृथ्वीनारायण जोड, दोस्रो पञ्चवर्षीय योजना लागु, सहकारी प्रवर्द्धन, पूर्व-पश्चिम तथा उत्तर-दक्षिण राजमार्गको परिकल्पना जस्ता देशको आर्थिक-सामाजिक विकासमा भए गरेका महत्वपूर्ण काम थिए । देशको कायापलट नै हुने गरी भएका यी कार्यले आमजनताको मन जित्यो तर तत्कालीन राजा, राजपरिवार, राजा, रजौटा बिर्तावाला आदिको नींद हराम हुन पुग्यो ।

बिपीको स्वाभिमान र राष्ट्रियताप्रतिको अडान छिमेकीका लागि टाउको दुखाई बन्न पुग्यो । समष्टिमा सामाजिक न्यायसहितको समृद्ध राष्ट्रको परिकल्पना र सो अभियान देशभित्रका परम्परावादी शक्तिहरूका लागि बिपी 'बाटोको कांडो' बन्न पुगे। साथै सन् १९६० को संयुक्त राष्ट्र संघको साधारण सभामा बिपीले गरेको सम्बोधनले विश्वभरिको ध्यान नेपालतर्फ आकर्षित भएको थियो ।

'हामी साना छौं तर स्वाभिमानी छौं । कुनै पनि शक्तिशाली राष्ट्र समय र इतिहासको कदम भन्दा ठूलो हुन सक्तैन । हामी ठूला राष्ट्रहरूबाट सहयोगको अपेक्षा गर्दछौं तर सहयोगको नाममा नेपालले के गर्नुपर्छ के गर्नु पर्दैन भन्ने कुरा अरू राष्ट्रहरूबाट सुन्न चाहँदैनौं । शक्तिशाली राष्ट्रहरू समस्या होइन, समाधानको हिस्सा बन्नुपर्छ,' भन्ने राष्ट्रवादी भनाइले गर्दा उक्त सभामा उपस्थित नेताहरू बिपीप्रति नतमस्तक बन्न पुगेका थिए ।

त्यसपछि नै हो-भारतीय प्रधानमन्त्री जवाहारलाल नेहरूले बिपीलाई आफ्नो प्रतिस्पर्धी ठान्न थालेको। समष्टिमा आफ्नो छोटो कार्यकालमा बिपीले 'हामी साना छौं तर स्वाभिमानी छौं,' भन्ने सन्देश ठूला राष्ट्रलाई दिँदै देशभित्र मात्र हैन विदेशमा पनि नेपालको छवि ह्वात्तै बढाउने काम गरे । छोटो समयमै देशभित्र र बाहिर बिपीको बढ्दो लोकप्रियता तत्कालीन राजा, रजौटाका लागि 'टाउको दुखाई बन्न पुगेको थियो । अन्तर्राष्ट्रिय क्षेत्रमा समेत बिपीको बढ्दो उचाइले छिमेकी राष्ट्रहरू समेत बिपीप्रति असहिष्णु देखिन थाले, जसको परिणाम थियो- २०१७ पौष १ को षड्यन्त्र ।

उक्त दुर्घटनाको ६७ वर्षपछि बर्तमान नेपाली राजनीतिमा झण्डै त्यस्तै दृष्य देखिदैछ । राणा शासनको ज्यादती तथा राजा त्रिभुवन र महेन्द्रको छलछामकै परिणाम थियो, कांग्रेसलाई प्राप्त दुईतिहाइ मत । त्यसको ठिक ६७ वर्षपछि नेकपा एमाले, माओवादी र कांग्रेसको कुशासनले भाद्र २३ र २४ को युवा पुस्ताको जबर्जस्त आन्दोलन जन्मायो । त्यही आन्दोलनको जनादेशअनुसार २०८२ फागुन २१ गते भएको आमनिर्वाचनले 'पुराना' भनिएका दललाई पाखा लगाउँदै भर्खरै जन्मिएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले झण्डै दुईतिहाइ मत प्राप्त गऱ्यो ।

२०१५ सालमा कांग्रेसलाई दुईतिहाइ मत दिलाउन बिपी र सुवर्ण शमशेरको लोकप्रियता तथा भूमिका अहम् थियो भने २०८२ को निर्वाचनमा रास्वपालाई दुईतिहाइ मत दिलाउन रवि लामिछाने र बालेन्द्र (बालेन) शाहको लोकप्रियता र भूमिका महत्वपूर्ण देखियो । त्यसबेला कांग्रेसभित्र बिपी र सुवर्ण एकअर्काका पूरक थिए, अहिले रास्वपाभित्र रवि र बालेन एकअर्काका परिपूरक बन्न पुगेका छन् ।

चुनावअघि मात्र काठमाडौं महानगरको प्रमुखबाट राजीनामा दिएर रास्वपा प्रवेश गरेका बालेनको नेतृत्वमा सरकार गठन गरेको भर्खर दुई महिना पुग्न लाग्दैछ । यस अवधिमा सरकारले गरेका काम, प्रदर्शन गरेको सोच तथा कार्यशैली र शासकीय सुधारका १०० बुंदे कार्यसूची हेर्दा कता कता बिपीको पदचापलाई बालेनले पछ्याउँदै गरेका पो हुन् कि भनै देखिन्छ । उनको आत्मविश्वास, काम गर्ने शैली, अड्डान, इमानदारिता र पद-प्रतिष्ठाभन्दा कामप्रतिको जिम्मेवारी बोध आदि अहिलेसम्म देखिएका केही कामहरूकै कारण पट्टिकाकारलाई यी हरफहरू कोर्न प्रेरित गऱ्यो र आलेखको स्वरूप धारण गर्न पुग्यो ।

मिल्दाजुल्दा केही उदाहरणबारे चर्चा:

१. नेशन फर्स्ट:

बिपी विचारको मूल मर्म नै 'म र मेरा' नभई 'मेरो राष्ट्र' भन्ने बोध थियो । विचारले मात्र नभई व्यवहारमै उनले आफ्नो छोटो कार्यकालमा त्यसलाई पुष्टिसमेत गरे । जुन माथि उल्लेख गरिसकिएको छ। अहिले ठिक त्यस्तै झल्को बालेनले दिइराखेका छन्। यो डेढ/दुई महिनामा सरकारले सुरु गरेका काम र १०० बुंदे कार्यसूची हेर्दा बालेन यथास्थितिवाद र कुशासनलाई निर्णायक परिवर्तनले बढ्तार चाहन्छन् भन्ने नै देखिन्छ । जसरी १६ सालमा बिपीले यो काम सुरु गरेका थिए । त्यसताका पनि 'अब देश बन्छ' भन्नेमा आशा जनाताम्ा पलाएको थियो । अहिलेको सरकारप्रति पनि अपवादबाहेक आम जनता अत्यन्त आशावादी देखिएका छन् । गांस, बास र अवसरका लागि परदेशमा भौतारी रहेका युवा जमातले अब घरदेशमै भविष्य देख्न थालेको छ । यद्यपि, यथास्थितिबाट प्राप्त व्यक्तिगत लाभमा रमाउन चाहने राजनीतिक, बौद्धिक तथा पेशागत आवरणका व्यापारी, बिचौलिया र तिनका संगठन भने जसरी हुन्छ सरकार फाल्ने जालो बुन्न लागिपरेको देखिदैछ ।

२. निर्भीक र अडिग:

बिपीले निश्चित उद्देश्यका कार्यक्रम कार्यान्वयनमा लैजांदा आफ्नो पद गुम्ला कि भनेर कहिल्यै डराएनन् । निर्भीक र अडिग रही उद्देश्य पूर्तिका लागि अनेकौं कार्यक्रम कार्यान्वयनमा लगे । त्यसैगरी, अहिले बालेन सरकारले यति छोटो अवधिमा गरेका काम र गर्ने भनिएका कामका कारण यथास्थिति वादीहरूको टाउको दुःखाइ रहेको छ । सुकुम्बासीको स्थायी समाधानको खोजी होस् चाहे आफ् र आफ्नाको लागि भर्ति केन्द्र बनाइएको राजनीतिक नियुक्तिको खारेजी होस् । विश्वविद्यालयलाई राजनैतिक हस्तक्षेपबाट टाढै राख्ने कुरा होस् वा दलगत कर्मचारी यूनियन खारेजीको विषय होस् । यस्ता अनेकौं कार्यक्रम निर्भीकताका साथ उनी एकैसाथ अघि बढाइरहेका छन् ।

३. पद्-प्रतिष्ठाभन्दा जिम्मेवारीलाई महत्व :

संविधान सभाको चुनाव पनि नगर्ने र आफूले चाहे जसरी सरकार पनि नचलेपछि २००८ सालमा बिपीले गृहमन्त्री पदबाट राजीनामा दिए । राजा महेन्द्रले सहयोग गरे आजीवन प्रधानमन्त्री बनाउने प्रस्ताव गर्दा 'विचार (प्रजातन्त्र) संग पद साट्न नसक्ने' जवाफ दिए । इन्दिरा गान्धीले त्यस्तै प्रस्ताव राख्दा 'म मेरा जनताको प्रधानमन्त्री हुन चाहन्छु, तपाइको हैन' भन्ने जवाफ दिए । अर्थात् बिपीले आफ्नो सिद्धान्त, विचार र अठोटको अगाडि पद र प्रतिष्ठालाई गौण ठाने । वर्तमान प्रधानमन्त्री बालेनमा केही त्यस्तै गुणहरू देखिदैछन् । यसो भन्दै गर्दा बालेनलाई बिपीसंग तुलना गरिएको भने कदापि होइन र सकिदैन पनि । तथापि, बिपीका गुण वर्तमान कुनै पनि नेतामा देखिनु वा उनको पदचाप पछ्याउनु पक्कै पनि देशका विकास र समृद्धिका लागि सुखद् बन्न नसक्ने भने हुँदैन ।

बालेन महानगरको प्रमुखमा रहंदा विरोधका बिच गरेका कामहरू, भदौ २३/२४ को आन्दोलन पछि गरेको प्रधानमन्त्री पदको अस्वीकार, महानगरको मेयर जस्तो शक्तिशाली पद त्यागेर निर्वतमान प्रधान मन्त्री केपी ओलीले पेवा जस्तै सम्झिएको क्षेत्रमा चुनावी प्रतिस्पर्धा गरेको जस्ता विषयले उनमा पदको मोहभन्दा ज्यादा देशप्रतिको जिम्मेवारी बोध नै देखिन्छ । साथै, जोखिम लिन सक्ने क्षमता र कामप्रतिको निष्ठा हेर्दा बिपी कोइरालाको आदर्श मार्गदर्शनलाई शिरोपर गरेर अघि बढ्नै देखिन्छ । त्यसताका सायद कसैले सोचेका थिए होलान्, केपीले चुनाव हार्छन् । बालेनलाई धेरैले उडाए पनि । छंदाखांदाको पद छोडेर बाघको मुखमा आहारा बन्न गएको भनेर धेरैले कटाक्ष गरे तर उनी दृढ रहेछन् केपीलाई नहराउन्जेल यो मुलुक बन्दैन भनेर । यही दृढताले उनलाई विशाल मतले विजयी गरायो ।

४. अन्तर्राष्ट्रिय व्यक्तित्व :

बिपी कोइराला अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नो समयको प्रभावशाली व्यक्ति थिए । तत्कालीन युगोस्लाभियाका राष्ट्रपति जोसेफ मार्सल टिटोले त बिपीलाई 'एसियाको उदाउंदो तारा'को उपाधि दिएका थिए । उनलाई 'नेपालका गान्धी'समेत भनिन्थ्यो। यसपछि नै भारतीय प्रधानमन्त्री जवाहर लाल नेहरूले बिपीलाई आफ्नो प्रतिस्पर्धी देख्न थालेका थिए । बिपीकै मार्गदर्शक विचार तथा शैलीमा अघि बढेको देखिएकै कारण अहिले बालेन विश्वका १०० प्रभावशाली व्यक्तिको सूचीमा पर्न सफल भइसकेका छन् ।

५. राष्ट्रियताप्रतिको अडान र स्वाभिमान :

सबैभन्दा ठूलो समानता चाहिं राष्ट्रियता-प्रतिको अडान र स्वाभिमानमा देखियो । कालापानी, लिपुलेकबारे लिएको अडान, 'एजेण्डा तय नगरी फोटो खिच्न मात्र भारत भ्रमण नगर्ने' अडान, भारत सरकारका प्रतिनिधि तथा अमेरिकी सरकारका प्रतिनिधिसंग भेट गर्न अस्वीकार अर्थात् समान तहसंग मात्र भेट गर्ने अडान, राजदूतहरूसंग छुट्टाछुट्टै भेट दिन अस्वीकार गरी कार्यालयमा सामूहिक भेट आदि जस्ता कार्यले बिपी विचार-'हामी साना छौं, तर स्वाभिमानी छौं' भन्ने कुरा लाई बालेनले मार्गदर्शक सिद्धान्तको रूपमा स्वीकार गरी व्यवहारमै उतारेको देखियो ।

स्वाभिमानी राष्ट्रको कार्यकारी प्रमुखको भूमिका कस्तो हुनुपर्छ भन्ने कुरा त बिपीले आफ्नो छोटो कार्यकालमै संयुक्त राष्ट्र संघलाई सम्बोधन गर्दा होस चाहे नेहरू र माओले नेपालको सार्वभौमिकतामाथि आक्रमण गर्दैगर्दा गल्ती स्वीकार गर्न लगाएर होस्, देखाएकै थिए । अहिले त्यस्तै, केही झलक बालेनले आफ्नो प्रारम्भिककालमा देखाउने प्रयत्न गरे झैं देखियको छ ।

यहां बालेनले उनको कामको विरोध गर्नेहरूलाई प्रतिकात्मकरूपमा दिएको जवाफबाटै उनको अठोट बुझ्न सकिन्छ । उनी भन्छन्- 'कि सिष्टम बदलिन्छ कि त सिष्टम बदल्ने मान्छे बदलिन्छ ।' बिपीको ठ्याक्कै यही विचार थियो, सकेसम्म आफ्नो कार्यकालमा त्यसलाई कार्यान्वयन गर्न खोजे । धेरै हदसम्म सफल पनि भए तर आफ्ना अठोट पूरा गर्न नपाउँदै उनी अपदस्त हुनुपऱ्यो ।

अहिले बालेनलाई पनि चौतर्फी घेराबन्दी गरिदैछ । कतै उनले पनि बिपीकै नियति भोग्नुपर्ने त हैन ? अर्थात् उनले भने झैं सिष्टम बदल्न खोज्दा कतै उनी आफै पो बदलिनु पर्ने हो कि ? भोलि के होला, देखा जाएगा । अहिले भने उनको नीति, कार्यक्रम तथा कार्यशैलीमा देखिएको देशप्रेम, जनताप्रतिको उत्तरदायित्व बोध, स्वाभिमान, राष्ट्र वाद, आंट, अठोट, पद र प्रतिष्ठाप्रति अनासक्ति जस्ता गुण भोलिका दिनमा पनि कायम रहे नेपाल र नेपालीको भविष्य बिपीले चाहे जस्तो बनेला आशावादी हुन सकिने सानो आशाको किरण झल्किएको छ ।

तथापि, यसै पनि राम्रो गर्न खोज्नेको भलो नहुने भएरै त नेपालले 'सतीले सरापेको देश' भनेर भनिएको होला । कामना गरौं अब यो भाष्य बदलियोस्-'पुखर्ले आशिष दिएको देश ।' यसका लागि बालेन र उनी नेतृत्वको सरकारलाई असफल हुन छुट छैन । नेपाल र नेपालीको भविष्यकै लागि उनको असफलता दुर्भाग्यपूर्ण हुने आकलन गर्न कठिन छैन ।

अन्त्यमा, महान् दार्शनिक जर्ज अर्वलको निम्न भनाइसाथ यो आलेखलाई विश्राम दिन चाहें- "विश्वव्यापी भुटुको समयमा सत्य बोल्नु पनि एउटा क्रान्तिकारी कार्य हो ।"

(लेखक बिपी विचार समाज, मकवानपुरका अध्यक्ष छन् ।
हाल: मेरिल्याण्ड, अमेरिका

सुशासनको नयाँ बाटो

✍बालकृष्ण शिलवाल

नेपाल एउटा शान्त क्रान्तिको संघारमा उभिएको छ । यो सडक, पुल वा भवनको नभई डाटा, कनेक्टिभिटी, सिप र विचारको क्रान्ति हो । अब नेपालको भविष्य केवल हिमाल र पहाडमुनि लुकेका स्रोतमा मात्र होइन, हाम्रो डिजिटल सञ्जाल मार्फत् बग्ने सम्भावनामा पनि निर्भर हुन सक्छ । बर्षौंदेखि नेपालले सुस्त शासनव्यवस्था, बेरोजगारी, प्रतिभा पलायन र असमान विकासको समस्या भोगिरहेको छ । यी सबै चुनौतीलाई एकै पटक सम्बोधन गर्न सक्ने एउटा अवसर अहिले हाम्रो सामु छ-डिजिटल रूपान्तरण ।

डिजिटल नेपाल अब केवल कम्प्युटर वा इन्टरनेट पहुँचको विषय रहेन । यो युवाका लागि रोजगारीको विषय हो । किसानले बजार पाउने विषय हो । विद्यार्थीले जहाँबाट पनि सिक्न सक्ने अवसर हो । विरामीले टाढाबाटै चिकित्सकको सेवा लिन सक्ने माध्यम हो र नागरिकले छिटो, सहज र पारदर्शी सरकारी सेवा पाउने आधार हो ।

नेपालले डिजिटल क्षेत्रमा ठूलो महत्वाकांक्षा देखाई सकेको छ । डिजिटल नेपाल फ्रेमवर्क, आइटी दशकको दृष्टि र नयाँ कृत्रिम बौद्धिकता नीति जस्ता नीतिले नेपालले डिजिटल युगको महत्व बुझेको स्पष्ट देखाउँछन् । केवल महत्वाकांक्षाले परिवर्तन ल्याउँदैन । त्यसका लागि प्रभावकारी कार्यान्वयन चाहिन्छ ।

आज नेपालसँग एउटा दुर्लभ अवसर छ । हामी युवा जनसंख्या भएको देश हौं । हरेक वर्ष हजारौं युवा श्रम बजारमा प्रवेश गर्छन् । धेरै युवा फ्रिलान्सिङ, सफ्टवेयर विकास, अनलाइन व्यवसाय र रिमोट काम मार्फत् विश्व डिजिटल अर्थतन्त्रसँग जोडिइसकेका छन् । नेपाली युवाको प्रतिभा भुगोलले सीमित हुनु हुँदैन भन्ने प्रमाण दिन थालेका छन् । काठमाडौंदेखि पोखरा, धरानदेखि नेपालगञ्जसम्म युवापुस्ता ठुला कारखानाभन्दा ल्यापटपको सहारामा व्यवसाय निर्माण गरिरहेका छन् । केहीले विदेशमा डिजिटल सेवा निर्यात गरिरहेका छन् भने केहीले एप, डिजिटल भुक्तानी प्रणाली, शिक्षण प्लेटफर्म र सिर्जनात्मक डिजिटल सामग्री बनाई रहेका छन् । यो एउटा सकारात्मक संकेत हो । नेपालको भविष्य केवल श्रम निर्यातमा मात्र निर्भर नहुन सक्छ । अब ज्ञान र डिजिटल सेवा निर्यात पनि हाम्रो आर्थिक आधार बन्न सक्छ ।

यो आशामुनि एउटा पीडादायी यथार्थ पनि लुकेको छ । धेरै युवा अझै बेरोजगार छन् वा बजारको आवश्यकतासँग तयार छैनन् । धेरै आइसिटी स्नातकलाई रोजगारीयोग्य बन्न थप तालिम आवश्यक पर्ने देखिएको छ । अवसरको अभावले धेरै दक्ष युवा विदेश गइरहेका छन् । नेपालले हरेक वर्ष हजारौं प्रतिभाशाली युवा गुमाई रहेको छ । साथ यही हाम्रो सबैभन्दा ठुलो डिजिटल चुनौती हो । समस्या प्रतिभाको अभाव होइन । समस्या त्यो प्रणालीको अभाव हो, जसले प्रतिभालाई संरक्षण र प्रवर्धन गर्न सकोस् ।

हाम्रो शिक्षा प्रणाली अझै धेरै सैद्धान्तिक छ । विद्यार्थीले सिर्जना गर्नुभन्दा बढी घोक्ने काम गर्छन् । प्राविधिक शिक्षा उद्योगको आवश्यकताभन्दा पछाडि छ । ग्रामीण विद्यालयमा अझै इन्टरनेट र डिजिटल उपकरणको अभाव छ । सहर र गाउँबिचको डिजिटल दूरी अझै ठुलो छ । डिजिटल रूपान्तरण केवल सहर वा सम्पन्नवर्गका लागि मात्र सफल हुन सक्दैन । हुम्लाको एउटा बालबालिकाले काठमाडौंका विद्यार्थीसरह डिजिटल अवसर पाउनु पर्छ । मधेशकी ग्रामीण युवतीले पनि डिजिटल सिप र अनलाइन काममा समान पहुँच पाउनु पर्छ ।

सरकारले गम्भीरतापूर्वक कदम चाल्नुपर्ने समय आएको छ । संघीय सरकारले डिजिटल सिपलाई राष्ट्रिय प्राथमिकता बनाउनु पर्छ । विद्यालयदेखि विश्वविद्यालय, प्राविधिक शिक्षा र जीवनभर सिकाइसम्म डिजिटल शिक्षा विस्तार हुनुपर्छ । नेपालले शिक्षक तालिम, डिजिटल साक्षरता, कोडिङ, कृत्रिम बौद्धिकता, साइबर सुरक्षा र व्यावहारिक सिपमा ठूलो लगानी गर्नु पर्छ । इन्टर्नसिप, अप्रेन्टिस-सिप, मेन्टरसिप र उद्योग आधारित प्रमाणीकरण प्रणाली आवश्यक छन् ।

नेपालको निजी क्षेत्रले नवप्रवर्तनमा थप आत्मविश्वास देखाउनु पर्छ । धेरै स्टार्टअप कमजोर वित्तीय पहुँचका कारण संघर्ष गरिरहेका छन् । बैंकहरू अझै धितो आधारित ऋण प्रणालीमै सीमित छन् । भेन्चर क्यापिटलको पहुँच न्यून छ । धेरै उत्कृष्ट सोचले सुरुवातमै मर्ने अवस्था छ । सही सहयोग पाइयो भने नेपालको स्टार्टअप इकोसिस्टम रोजगारी र आर्थिक वृद्धिको महत्वपूर्ण स्रोत बन्न सक्छ ।

नेपालले अर्को एउटा अवसर पनि बेवास्ता गर्नुहुँदैन, हरित डिजिटल पूर्वाधार । विश्व डिजिटल अर्थतन्त्रले अत्यधिक विद्युत खपत गरिरहेको छ । कृत्रिम बौद्धिकता, क्लाउड कम्प्युटिङ र डाटा सेन्टर तीव्र गतिमा विस्तार भइरहेका छन् । नेपाल आफ्नो जलविद्युत सम्भावनाको उपयोग गर्दै नवीकरणीय ऊर्जामा आधारित डिजिटल पूर्वाधारको केन्द्र बन्न सक्छ । यो कुनै कल्पना मात्र होइन ।

साभार : गोरखापत्र

अनुभवी खेलाडीको नेतृत्वमा बेल्जियम प्रमुख दाबेदार

काठमाडौं/ फिफा विश्वकप २०२६ अन्तर्गत समूह 'जी' मा युरोपेली शक्ति बेल्जियम, एसियाली प्रतिनिधि इरान, अफ्रिकी राष्ट्र इजिप्ट तथा ओसिनियाको टोली न्युजिल्यान्ड प्रतिस्पर्धामा रहेका छन् । यस समूहलाई विशेष बनाउने पक्ष भनेको चारै टोलीको नेतृत्व अनुभवी तथा विश्व फुटबलमा स्थापित खेलाडी-हरूले गरिरहेका छन् । बेल्जियमका केभिन डे बुयने र रोमेलु लुकाकु, इरानका मेहदी तारेमी, इजिप्टका मोहम्मद सलाह तथा न्युजिल्यान्डका क्रिस वुड आफ्नो टोलीका प्रमुख आशा मानिएका खेलाडी हुन् ।

हालको फिफा वरीयता अनुसार बेल्जियम नवौं स्थानमा रहेको छ। इरान २० औं, इजिप्ट २९ औं तथा न्युजिल्यान्ड ८५ औं स्थानमा छन्। वरीयता र विगतका उपलब्धि-हरूका आधारमा हेर्दा बेल्जियम समूहको सबैभन्दा बलियो टोलीका रूपमा अघि देखिएको छ। विश्वकप इतिहासमा बेल्जियमले सन् २०१८ मा रुसमा सम्पन्न प्रतियोगितामा तेस्रो स्थान हासिल गर्दै आफ्नो उत्कृष्ट प्रदर्शन गरेको थियो । तर इरान, इजिप्ट र न्युजिल्यान्ड भने अहिलेसम्म विश्वकपको समूह चरण भन्दामाथि उक्लिन सकेका छैनन् ।

यद्यपि यसपटक विश्वकपमा टोलीहरूको संख्या ३२ बाट बढाएर ४८ पुऱ्याइएकाले प्रतियोगिताको स्वरूप पनि परिवर्तन भएको छ । प्रत्येक समूहका शीर्ष दुई टोलीसँगै उत्कृष्ट प्रदर्शन गर्ने ८ तेस्रो स्थानका टोलीहरू पनि नकआउट चरणमा पुग्ने व्यवस्था भएकाले इरान र इजिप्टका लागि दोस्रो चरणमा पुग्ने सम्भावना पहिलेको तुलनामा बढी देखिएको छ ।

बेल्जियमको 'गोल्डेन जेनेरेसन' अर्थात् स्वर्णिम पुस्ताले सन् २०१० को दशकको सुरुआतदेखि विश्व फुटबलमा प्रभाव जमाएको थियो। त्यस टोलीमा इडेन हाजार्ड, भिन्सेन्ट कम्पनी, केभिन डे बुयने, रोमेलु लुकाकु र थिबाउट कोर्टुआ जस्ता खेलाडी थिए । अहिले हाजार्ड र कम्पनीले अन्तर्राष्ट्रिय फुटबलबाट विश्राम लिइसकेका छन्, तर डे बुयने, लुकाकु र कोर्टुआ अझै टोलीका मुख्य आधार बनेका छन् ।

बेल्जियमका मुख्य प्रशिक्षक रुडी गार्सियाले समूहका सबै टोलीप्रति सम्मान व्यक्त गर्दै आफ्नो टोलीको लक्ष्य समूह विजेता बन्ने रहेको बताएका छन्। उनका अनुसार इजिप्ट अफ्रिकाको उत्कृष्ट टोलीमध्ये एक हो भने इरान र न्युजिल्यान्ड बारे पनि टोलीले गम्भीर अध्ययन गरिरहेको छ । मिडफिल्डर केभिन डे बुयने बेल्जियमका सबैभन्दा प्रभावशाली खेलाडी मानिन्छन् । उत्कृष्ट पास वितरण, खेलको गति नियन्त्रण तथा गोल गर्ने क्षमताका कारण उनी विश्वकै उत्कृष्ट मिड फिल्डरमध्ये गनिन्छन् ।

क्लब फुटबलमा उनले जर्मनी, इंग्ल्यान्ड र इटालीका विभिन्न लिगहरूमा उल्लेखनीय सफलता हासिल गरेका छन् । सन् २०१४ यता बेल्जियमको प्रमुख खेलाडीका रूपमा निरन्तर खेलिरहेका डे बुयने टोलीका दोस्रो सर्वाधिक गोलकर्ता पनि हुन् । अर्कोतर्फ, स्ट्राइकर रोमेलु लुकाकु बेल्जियमको आक्रमणको मुख्य हतियार हुन् । हालै क्रोएसिया विरुद्धको मैत्रीपूर्ण खेलमा गोल गर्दै उनले १ वर्षभन्दा बढी समयपछि अन्तर्राष्ट्रिय गोलको खाता खोलेका थिए । बेल्जियमका कप्तान युरी टिलेमान्सले उक्त गोललाई विश्व कपअघि टोलीका लागि सकारात्मक संकेतका रूपमा व्याख्या गरेका छन्।

इजिप्ट: सलाहमाथि ठुलो अपेक्षा

अफ्रिकी फुटबलको महत्वपूर्ण राष्ट्र इजिप्ट विश्वकपमा सहभागी हुने पहिलो अफ्रिकी टोलीसमेत हो। उसले पहिलोपटक सन् १९३४ मा विश्वकप खेलेको थियो । यसपटक इजिप्ट चौथोपटक विश्वकपमा सहभागी हुँदैछ र समूह चरण पार गर्ने लक्ष्यसहित मैदानमा उत्रिनेछ। इजिप्टका सबैभन्दा चर्चित खेलाडी मोहम्मद सलाह हुन्। राष्ट्रिय टोलीका सर्वाधिक गोलकर्ता सलाहका लागि यो सम्भवतः अन्तिम विश्वकप हुन सक्छ। त्यसैले उनी आफ्नो देशलाई विश्वकप इतिहासकै पहिलो जित दिलाउने लक्ष्यमा छन् ।

सन् २०१८ को विश्वकपमा चोटका कारण अपेक्षित प्रदर्शन गर्न नसकेका सलाह यसपटक पनि पूर्ण फिटनेसको चुनौतीसँग जुधिरहेका छन् । अप्रिल महिनाको अन्त्यतिर लागेको ह्यामस्ट्रिङ चोटका कारण उनको अवस्थाबारे केही चिन्ता व्यक्त गरिएको छ । तथापि, फिट भएमा उनी इजिप्टका लागि सबैभन्दा ठुलो आशा रहनेछन् ।

सलाहका साथ आक्रमणमा देखिने ओमार मार्मुश पनि इजिप्टका महत्वपूर्ण खेलाडी हुन् । २७ वर्षीय मार्मुसले सन् २०२५ मा म्यानचेस्टर सिटीमा आबद्ध भएपछि इंग्लिस लिग कप र एफए कप जित्न सफल भएका थिए । उनको गति, प्राविधिक क्षमता र गोल गर्ने शैलीले इजिप्टको आक्रमणलाई थप मजबुत बनाएको छ ।

इरान : इतिहास बदल्ने लक्ष्य

इरान सातौंपटक विश्वकपको अन्तिम चरणमा पुगेको हो। यद्यपि टोलीले अहिलेसम्म समूह चरण पार गर्न सकेको छैन । त्यसका बावजुद इरानले विश्वकपमा केही सम्झन लायक जितहरू हासिल गरेको छ। सन् १९९८ मा संयुक्त राज्य अमेरिका लाई २-१ ले पराजित गरेको इरानले सन् २०१८ मा मोरक्कोलाई १-० तथा सन् २०२२ मा वेल्सलाई २-० ले हराएको थियो । यसपटक इरान आफ्नो पुरानो इतिहास तोड्दै पहिलोपटक नकआउट चरणमा पुग्ने लक्ष्यसहित मैदानमा उत्रिनेछ । इरानका मुख्य स्टार खेलाडी मेहदी तारेमी हुन् । गोल गर्ने क्षमताका कारण चर्चित तारेमीले युरोपेली क्लब फुटबलमा पनि सफल करिअर बनाएका छन् ।

उनले पोर्चुगलको पोर्टोसँग रहँदा लिग उपाधिसहित विभिन्न घरेलु प्रतियोगिताहरू जितेका थिए । त्यसपछि इटालीको इन्टर मिलानमा एक सिजन बिताएर सन् २०२५ मा ग्रिसको ओलम्पियाकोसमा आबद्ध भएका थिए । तारेमीलाई सहयोग गर्ने खेलाडीका रूपमा डेनिस दाघाहीलाई हेरिएको छ। बेल्जियमको शीर्ष डिभिजन क्लब स्टयान्डर्ड लिजका फरवार्ड दाघाहीले इरानको आक्रमणलाई थप सशक्त बनाउने अपेक्षा गरिएको छ ।

न्युजिल्यान्ड : जितको खोजीमा

न्युजिल्यान्ड तेस्रोपटक विश्व कपको अन्तिम चरणमा पुगेको हो। सन् १९८२ मा पहिलो सहभागितामा उसले ३ वटै खेल गुमाएको थियो भने सन् २०१० मा ३ वटै खेल बराबरी खेलेर प्रतियोगिता समाप्त गरेको थियो । त्यसैले टोली अहिले विश्वकप इतिहासकै पहिलो जितको खोजीमा छ। टोलीका कप्तान तथा मुख्य स्ट्राइकर क्रिस वुड न्युजिल्यान्डका सबैभन्दा भरपर्दा खेलाडी मानिन्छन्। उनले राष्ट्रिय टोलीका लागि ८९ खेलमा ४५ गोल गरिसकेका छन् । इंग्लिस क्लब नटिङ्घम फरेस्टबाट खेल्ने वुडको अनुभव न्युजिल्यान्डका लागि महत्वपूर्ण हुनेछ ।

रक्षक टमी स्मिथ पनि टोलीका अनुभवी सदस्यमध्ये एक हुन्। उनी र क्रिस वुड सन् २०१० को विश्वकपमा खेल्ने वर्तमान टोलीका २ मात्र खेलाडी हुन्। त्यसैले उनी-हरूको अनुभवले युवा खेलाडी-हरूलाई प्रेरणा दिने अपेक्षा गरिएको छ । समग्रमा समूह 'जी' मा बेल्जियम स्पष्ट रूपमा सबैभन्दा बलियो टोली देखिए पनि इजिप्ट र इरानले नकआउट चरणमा स्थान बनाउन कडा चुनौती दिने सम्भावना छ । न्युजिल्यान्डले पनि पहिलो विश्वकप जितको लक्ष्यसहित प्रतिस्पर्धा गर्ने भएकाले यो समूहका देशहरुको खेल निकै रोमाञ्चक बन्ने अपेक्षा गरिएको छ ।

साभार : अनलाइन खबर

राजेश हमाललाई हर्क साम्पाङको आग्रह :

अब माटो चिन्हबाट चुनाव लड्नुपर्छ

काठमाडौं/ श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राईले फेसबुकमा एकदिनको अन्तरालमा अभिनेता राजेश हमालसँग सम्बन्धित ३ पोष्ट गरेका छन् । शनिवार हमाललाई आफ्नो दलमा ल्याउने धोको रहेको उल्लेख गरेका उनले पछिल्लो स्टाटसमार्फत् अबको चुनाव माटो चिन्हबाट लड्नुपर्ने बताएका छन् । उनले आफ्नो पार्टीमार्फत् चुनाव लड्न हमाललाई प्रस्ताव गरेका हुन् ।

अर्को पोस्ट चाहिँ हालै हमालले प्रधानमन्त्री बालेनलाई लक्षित गर्दै दिएको अभिव्यक्तिबारे बनेको एक रिल्स भिडियो छ, जसलाई राईले फेसबुकमा सेयर गरेका छन् । हमालले केही दिनअघि सीमाबारे बालेनले दिएको अभिव्यक्ति बारे टिप्पणी गर्दै राष्ट्रको नेतृत्व गर्ने गम्भीर, संयमीत र दूरदृष्टिपूर्ण नभए चुनौती आउने बताएका थिए । त्यसपछि अध्यक्ष राईले अभिनेता हमाललाईको ३ वटा फेसबुक स्टाटस पोस्ट गरेका हुन् । पछिल्लो समय राजेश हमाल वर्तमान सरकारप्रति असन्तुष्ट सुनिएका छन् ।

२१ फागुनको चुनावअघि हमालले नयाँ दललाई लक्षित गर्दै खुलेर आफ्नो असन्तुष्टि जनाएका थिए । राष्ट्रिय मुद्दामा प्रायः मौन रहँदै आएका हमाल पछिल्लो समय सरकारको विरुद्ध खुलेर प्रस्तुत हुन थालेको देखिन्छ, त्यसको स्पष्ट संकेत उनको पछिल्लो फेसबुक स्टाटसमा देखिएको थियो ।

सहकारी ठगीप्रकरणका महेन्द्र धरौटीमा रिहा

काठमाडौं/ कास्कीको पोखरामा रहेको सूर्यदर्शन सहकारी ठगीप्रकरणमा धुनामा रहेका महेन्द्र भोटे धरौटीमा रिहा भएका छन्। १७ करोड बिगो रकम तिर्ने कबुल गरेपछि उनी पाँच लाख धरौटी बुझाएर रिहा भएका हुन्।

कास्की जिल्ला अदालतका न्यायाधीश हिमलाल बेल्वासेको इजलासले धरौटीमा रिहा गर्ने आदेश गरेको हो। महेन्द्र नेकपा एमालेनिकट युवा संघका नेता हुन्। उनी गएको स्थानीय तहको निर्वाचनमा मादी गाउँपालिका अध्यक्षमा पराजित भएका थिए। जिल्ला अदालतमा दर्ता भएको मुद्दामा १ अर्ब ११ करोड ३४ लाख ४३ हजार ४५ बिगो रकम जाहेरवालालाई दिलाउन माग गरिएको थियो । सहकारी ऐन, २०७४ को दफा १२२ बमोजिम सहकारी ठगी मुद्दामा १९ जनालाई प्रतिवादी बनाइएको छ। सहकारी ऐनको दफा १२२ (घ), (ङ), (च), (छ), (ज) र (त) अनुसार कसुरमा दफा १२४ (घ) र घ (६) अनुसार बिगोबमोजिम जरिवाना र ८ वर्ष कैद सजाय माग गरिएको थियो ।

सूर्यदर्शनबाट जीबी राई समूहले नक्कली सेयर सदस्य र विभिन्न कम्पनी कट्टा गरेर पैसा निकालेर अपचलन गरेको प्रहरीले बुझाएको प्रतिवेदनमा उल्लेख थियो । सहकारीको रकम सबभन्दा बढी जीबीका दाजुभाइ अध्यक्ष हुँदा अपचलन भएको देखिएको थियो । २०६५ असार २६ गतेदेखि २०६८ मंसिर १७ गतेसम्म ज्ञानबहादुर बम्जन अध्यक्ष हुँदा १९ करोड २ लाख ८४ हजार अपचलन भएको पाइएको छ । त्यसपछिको कार्य कालमा जीबी राई अध्यक्ष बनेका थिए। उनको कार्यकालमा १९ करोड २८ लाख ४९ हजार अपचलन भएको देखिएको छ । उनी २०६८ मंसिर १७ गतेदेखि २०७३ मंसिर १८ गतेसम्म अध्यक्ष थिए। त्यसपछिको कार्यकाल जीबीकै दाइ भुपेन्द्र अध्यक्ष थिए ।

बि.सं. २०७३ मंसिर १८ गतेदेखि २०७८ कात्तिक १७ गतेसम्म भुपेन्द्र अध्यक्ष हुँदा ८० करोड ७२ लाख ३३ हजारको कर्जा करोबार भएको देखिएको थियो ।

आइटबारे बिढा खारेजी असत्य

काठमाडौं/नेपाल सरकारले दुई दिन (शनिबार र आइतबार) सार्वजनिक बिदा दिँदै आएकोमा आइतबारको बिदा खारेज गर्न लागेको भन्ने समाचार सत्य नभएको सरकारले जनाएको छ।

केही मिडियामा सरकारले हप्तामा दुई दिन शनिबार र आइतबार सार्वजनिक बिदा दिँदै आएकोमा आइतबारको बिदा खारेज गर्ने तयारी गरेको समाचार आएपछि सरकारले त्यसको खण्डन गरेको हो। प्रधानमन्त्री वालेन्द्र शाहकी प्रेस तथा अनुसन्धानविज्ञ खारेज गरिएको भनेर आएको समाचार सत्य नभएको बताइन्।

पश्चिम एसियाको समस्याका कारण इन्धनमा भएको निरन्तरको मूल्यवृद्धिलगायतका उद्वेग्ने गत चैत २२ को मन्त्रिपरिषद् बैठकले शनिवार आईतवार २ दिन बिदा दिने निर्णय गरेको थियो ।

दशकभित्र मुलुकको अर्थतन्त्रको आकार १ सय अर्ब डलर

काठमाडौं/ नेपाल उद्योग परिसंघ (सीएनआई) का अध्यक्ष वीरेन्द्रराज पाण्डेले एक दशकभित्र मुलुकको अर्थतन्त्रको आकार १ सय अर्ब डलरको बनाउन सकिने बताएका छन् । परिसंघको २३ औं वार्षिक साधारणसभामा अध्यक्ष पाण्डेले सन् २०३३ सम्ममा प्रचलित मूल्यमा र सन् २०३९ सम्ममा वास्तविक मूल्यमा मुलुकको अर्थतन्त्रको आकार १ सय अर्ब डलरको बनाउन सकिने देखाएको बताए। परिसंघले लगानी बोर्डसँगको सहकार्यमा उक्त अध्ययन गरेको थियो।

'बीसभन्दा बढी विज्ञले करिब ८ महिनासम्म गरेको अध्ययनअनुसार उक्त लक्ष्य हासिल गर्न वार्षिक औसत छ प्रतिशत् आर्थिक वृद्धि आवश्यक देखिन्छ । सरकारले ७ प्रतिशत् वृद्धिको लक्ष्य राखेको छ भने हाम्रो अध्ययनले दीर्घकालीनरुपमा छ प्रतिशत् वृद्धि कायम राख्न सके लक्ष्य हासिल सम्भव रहेको देखाएको छ,' उनले भने। उक्त लक्ष्यलाई अघि बढाउन परिसंघले ऊर्जा, उत्पादन, पर्यटन, आईसीटी, कृषि, पूर्वाधार र संस्थागत् सुधारसम्बन्धि १ सय बढा सम्भावित उपाय प्रस्ताव गरेको उनको भनाइ छ। उनले अध्ययनका क्रममा पूर्वाधार, ऊर्जा, सूचना पविधि, उत्पादनमूलक उद्योग, पर्यटन, कृषि, खानी तथा खनिज, शिक्षा, स्वास्थ्य र पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखी अध्ययन गरिएको बताए ।

अध्ययनमा सन् २०२५ लाई आधार वर्ष मानी सन् २०३० सम्म सुधारका प्रभावहरु विश्लेषण गरिएको उनको भनाइ छ ।

बाह्रा नगरपालिका, वडा नं. ४ स्थित लिलाबहादुर तामाडको कित्ता नं. २४ र २६ को जग्गाहरुबाट बालुवा उत्खनन् तथा प्रशोधन गरी बिक्री वितरण गर्ने ।

प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारीसम्बन्धि सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३ । ३ । २५ गते)

बागमती प्रदेश, मकवानपुर जिल्ला, बाह्रा नगरपालिका-४ फुङ्गोमाटोस्थित लिलाबहादुर तामाडको कि. न.२४ र २६ को नीजि जग्गाहरुमा निम्नअनुसारको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

प्रस्तावकको नाम तथा ठेगाना	श्री गोरखनाथ बालुवा प्रशोधन केन्द्र प्रा.लि. नागार्जुन नपा-१०, काठमाडौं सन्तोष बिष्ट फोन नं.: ९८५११९८२९५
प्रस्तावको ब्यहोरा	बागमती प्रदेश, मकवानपुर जिल्ला, बाह्रा नगरपालिका-४ फुङ्गोमाटोस्थित लिलाबहादुर तामाडको कित्ता नं. २४ र २६ को नीजि जग्गाहरुमा निम्नअनुसारको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।
प्रभाव पर्न सक्ने जिल्ला / गापा / वडा	मकवानपुर जिल्ला, बाह्रा नगरपालिका, वडा नं. ४

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणालीबिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको स्थानीय तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

राय सुझावका लागि पत्राचार गर्ने ठेगाना :

१. बाह्रा नगरपालिका ४ नं. वडा कार्यालय
२. सम्पर्क व्यक्ति : सन्तोष बिष्ट फोन नं.: ९८५१११८२९५
परामर्शदाताको नाम र ठेगाना :
३. एडभान्स रिसर्च एण्ड कन्सल्टेन्सी प्रा.लि.
हेटौंडा-१ मकवानपुर। सम्पर्क : मो: ९८४०९८३४३३
Email: advanceresearchconsult@gmail.com

बाह्रा नगरपालिका वडा नं. १ शंखेलस्थित सानुकाजी गोपाली, गोबिन्द गोपाली र दिपेन्द्र गोपालीको क्रमश कि.नं. ९१९, ९२० र ९२१ को नीजि जग्गाहरुबाट ढुंगा र माटोजन्य पदार्थको उत्खनन्, व्यवस्थापन गरी निर्यात गर्ने ।

प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारीसम्बन्धि सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३ । ३ । २५ गते)

बागमती प्रदेश, बाह्रा नगरपालिका वडा नं.१ शंखेलस्थित सानुकाजी गोपाली, गोबिन्द गोपाली र दिपेन्द्र गोपालीको क्रमश कि.नं. ९१९, ९२० र ९२१ को नीजि जग्गाहरुमा निम्नअनुसारको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

प्रस्तावकको नाम तथा ठेगाना	सानुकाजि गोपाली, गोबिन्द गोपाली र दिपेन्द्र गोपाली बाह्रा नगरपालिका-१ शंखेल फोन नं.: ९८५५०७७९४६
प्रस्तावको ब्यहोरा	बाह्रा नगरपालिका, वडा नं. १ को शंखेलस्थित सानुकाजी गोपाली, गोबिन्द गोपाली र दिपेन्द्र गोपालीको क्रमश: कि.नं. ९१९, ९२० र ९२१ को नीजि जग्गाहरुबाट ढुंगा र माटोजन्य पदार्थको उत्खनन्,व्यवस्थापन गरी निर्यात गर्नु हो।
प्रभाव पर्न सक्ने जिल्ला / गापा / वडा	मकवानपुर जिल्ला, बाह्रा नगरपालिका वडा नं. १

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणालीबिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको स्थानीय तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

राय सुझावका लागि पत्राचार गर्ने ठेगाना :

१. बाह्रा नगरपालिका १ नं. वडा कार्यालय
२. सम्पर्क व्यक्ति : सानुकाजी गोपाली। फोन नं.: ९८५५०७७९४६
परामर्शदाताको नाम र ठेगाना :
३. एडभान्स रिसर्च एण्ड कन्सल्टेन्सी प्रा.लि.
हेटौंडा-१ मकवानपुर। सम्पर्क : मो: ९८४०९८३४३३
Email: advanceresearchconsult@gmail.com

आइपुगे 'धुरन्धर' स्टार बेदी, दर्शक भेट्दै फिल्म प्रवर्द्धन गर्ने

काठमाडौं/ बलिउड स्टार राकेश बेदी फिल्म प्रवर्धनको लागि आइतवार दिउँसो नेपाल आइपुगेका छन्। उनी अभिनित पछिल्लो फिल्म 'है जवाती तो इश्क होना है' अहिले नेपालका हलमा चलिरहेको छ ।

यो फिल्मको प्रवर्धनका लागि वितरण कम्पनी नियोम फिल्म्स र क्यापिटल वल्र्ड ग्रुपले अभिनेता बेदीलाई काठमाडौंमा ल्याएका हुन्। काठमाडौंमा हल भिजिट कार्यक्रम आयोजना गरेको छ, जहाँ बेदीले सहभागिता जनाउनेछन् ।

उनको नेपाल भ्रमणको आयोजना चलचित्र वितरक कश्यप नरेन्द्र बेद र नवीन उदाशले गरेका हुन् । यो टोली नेपालमा प्रदर्शन भएको अर्को फिल्म 'पेड्डी' सँग पनि आबद्ध रहेको जनाएको छ ।

दुई दिनको काठमाडौं भ्रमणमा अभिनेता बेदीले यहाँका विभिन्न सिनेमा हलहरुको भ्रमण गरी प्रत्यक्षरुपमा दर्शकलाई भेट्ने कार्यक्रम छ। पशुपतिनाथ मन्दिरमा दर्शन तथा पूजा-आराधना गर्ने कार्यक्रम पनि तय गरिएको छ ।

सोमबार मण्डला थिएटरमा आयोजना हुने नेपाल र भारतबीचको सांस्कृतिक आदानप्रदान सम्बन्धी पत्रकार सम्मेलनमा पनि उनी सहभागी हुने नियोम फिल्म्सका नवीन शाक्यले जानकारी दिए ।

आयोजकका अनुसार यस भ्रमणले नेपाली र भारतीय चलचित्र उद्योगबीचको बढ्दो सहकार्यलाई अझ सुदृढ बनाउने अपेक्षा गरिएको छ। साथै, चलचित्रमार्फत् दुवै देशका दर्शकबीचको सम्बन्ध थप प्रगाढ बनाउने उद्देश्य राखिएको छ ।

बेदी भारतीय फिल्म तथा टेलिभिजन क्षेत्रका चर्चित कलाकार मध्ये एक हुन् । करिब पाँच दशक लामो अभिनय यात्रामा उनले चश्मे बद्दूर, हीरो नम्बर १, दिल है कि मानता नहीं लगायतका दर्जनौं फिल्म र लोकप्रिय टेलिशृंखलामा अभिनय गरेका छन ।

उनको पछिल्लो फिल्म धुरन्धर २ नेपालमा यसवर्ष सर्वाधिक कमाउने विदेशी फिल्मको नामले प्रख्यत भएको थियो । यो फिल्ममा बेदीले 'जमील जमाली' नामक प्रभावशाली पात्र निर्वाह गरेको बताएका छन् ।

सुरुमा पाकिस्तानी राजनीतिज्ञको रूपमा देखिने उनको पात्र फिल्मको क्लाइम्याक्समा महत्वपूर्ण मोडसँग जोडिएको देखिन्छ, जसले दर्शकमाझ ठूलो चर्चा कमाउन सफल भएको छ ।

बक्स अफिसमा पनि फिल्मले उत्कृष्ट व्यापार गर्दै २०२६ को चलचित्र क्षेत्रमा सबैभन्दा सफल बलिउड चलचित्रको स्थान हासिल गरेको बताइएको छ ।



आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मूल्यमा पाउनु हुनेछ । **स्थान:** रातोमाटे भोर्ले ।
सम्पर्क नं. : ९८४५०९१८५०८, ९८४५०३१३४७

हेटौडा सन्देश दैनिक
म.जि.प्र.का.द.नं:२६/०५८/०५९, म.जि.हु.द.नं:०७/०६३/०६४
२५ औं वर्ष
समाचार
सोमबार २५ जेठ २०८३
Monday 8 June 2026

निजी सञ्चारमाध्यममाथिको विज्ञापन नीति फिर्ता लिन माग

सन्देश संवाददाता

हेटौंडा/नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिले निजी सञ्चारमाध्यममाथि विभेद हुने गरी लागू गरिएको विज्ञापन सम्बन्धि नीति तथा परिपत्र तत्काल फिर्ता लिन संघीय सरकारसँग माग गरेको छ।

साना लगानीका सञ्चार माध्यमलाई प्रवर्द्धन गर्दै मिडियालाई उद्योगका रुपमा विकास गर्न आवश्यक वातावरण निर्माण गर्न पनि सरकारसँग आग्रह गरिएको छ। सञ्चारकर्मीलाई योगदानमा आधारित सामाजिक सुरक्षाकोषमा आबद्ध गरी पेशागत् सुरक्षाको वातावरण बनाउन तीन वटै तहका सरकारलाई आग्रह गरिएको छ।

हेटौंडामा सकिएको मिडिया सम्मेलन तथा पाँचौं साधारणसभा जारी गरिएको 'हेटौंडा घोषणापत्र-२०८३' मा पत्रकारिता क्षेत्रका समसामयिक चुनौती, प्रेस स्वतन्त्रता, सञ्चारमाध्यमको प्रवर्द्धन तथा सञ्चारकर्मीको पेशागत् सुरक्षासम्बन्धि १२ बुँदे घोषणा सार्वजनिक गरिएको हो। घोषणापत्रमा संविधानले सुनिश्चित गरेको पूर्ण प्रेस स्वतन्त्रताको रक्षा, लोकतन्त्र, मानवअधिकार, पत्रकारको पेशागत् हित तथा सामाजिक उत्तरदायित्वप्रति प्रतिबद्धता व्यक्त गरिएको छ। सम्मेलनले पत्रकारलाई निर्वाधरुपमा सूचनामा पहुँच सुनिश्चित गर्न, समाचार लेखेकै आधारमा विद्युतीय कारोबार ऐनअन्तर्गत् फौजदारी अभियोग लगाउने प्रवृत्ति अन्त्य गर्न तथा पत्रकारमाथि हुने धम्की, निगरानी र धरपकड रोक्न माग गरिएको छ।

घोषणापत्रमा संघ, प्रदेश र स्थानीय सरकारबीच संविधानले स्पष्ट गरेको अधिकार क्षेत्रको सम्मान गर्न, प्रदेश तथा स्थानीय सरकार माथि हुने हस्तक्षेप रोक्न तथा संविधानविपरीतका परिपत्र जारी नगर्न संघीय सरकारसँग माग गरिएको छ। सञ्चार गृहहरुमा लैंगिक समानता, अल्पसंख्यक समुदाय तथा फरक क्षमता भएका व्यक्तिहरुको सहभागिता बढाउन आवश्यक नीतिनिर्माण र कार्यान्वयन गर्न पनि सम्मेलनले सरकारको ध्यानाकर्षण गराएको छ।

विभिन्न जिल्लामा नेपाल पत्रकार महासंघका नाममा भोगाधिकार प्राप्त गरी निर्माण गरिएका भवनहरुको भोगाधिकार यथावत् कायम राख्न तथा स्थानीय विज्ञापन स्थानीय सञ्चारमाध्यममार्फत् वितरण गर्न प्रदेशभरका स्थानीय तहलाई अनुरोध गरिएको छ। राजधानी जिल्ला मकवानपुरलाई पर्यटकीय नगरका रुपमा विकास गर्न, प्रदेश सरकारले आवश्यक स्थायी पूर्वाधार निर्माण गर्न तथा बन्द रहेको हेटौंडा कपडा उद्योग र समस्याग्रस्त हेटौंडा सिमेन्ट उद्योगलगायत प्रदेशभित्रका उद्योगधन्दा सञ्चालन गर्ने रोजगारी सिर्जना गर्न सरकारसँग माग गरिएको छ।

घोषणापत्र निर्माण समिति संयोजक तथा नेपाल पत्रकार महासंघ बागमती प्रदेश समिति सचिव श्याम खतिवडाले सम्मेलनमा उठेका विषयहरुलाई समेटेर घोषणापत्र तयार गरिएको जानकारी दिएका छन्। सम्मेलनमा सहभागी पत्रकारहरुले प्रेस स्वतन्त्रताको संरक्षण, सञ्चारमाध्यमको दीगोपना र पत्रकारको पेशागत् सुरक्षाका लागि घोषणापत्र कार्यान्वयनमा जोड दिएका थिए।

सम्मेलनबाट पारित घोषणापत्र नेपाल पत्रकार महासंघ बागमती प्रदेश समिति अध्यक्ष कृष्ण सारुमगरले बागमती प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री शिवराज अधिकारीलाई हस्तान्तरण गरेका छन्। उक्त अवसरमा मिडिया सम्मेलनका क्रममा उठेका विभिन्न विषय, सञ्चार क्षेत्रका समस्या तथा पत्रकारका सरोकारका मुद्दाबारे मन्त्री अधिकारीलाई जानकारी गराइएको थियो।

गर्भवतीको नि:शुल्क भिडियो एक्सरे सेवा

सन्देश संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगर पालिका-९ स्थित लामसुरे आधार भुत स्वास्थ्य केन्द्रमा गर्भवतीलक्षित नि:शुल्क भिडियो एक्सरे सेवा सुरु गरिएको छ। गर्भवती तथा गर्भमा रहेका शिशुको स्वास्थ्य अवस्था बारे समयमै जानकारी लिन सहज बनाउने उद्धेश्यले उक्त सेवा सञ्चालनमा ल्याइएको बडा अध्यक्ष सुकराम केसीले जानकारी दिए।

उनका अनुसार बडा कार्यालयको संयोजन, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्राविधिक सहयोग तथा बर्जर पेन्ट्स् प्रालिको संस्थागत् सामाजिक उत्तरदायित्व अन्तर्गत् प्राप्त पोर्टेबल भिडियो एक्स रे मेसिनमार्फत् सेवा प्रारम्भ गरिएको हो। बडाभित्रका गर्भवतीलाई लक्षित गरी रेडियोलोजिष्ट विशेषज्ञ चिकित्सकको उपस्थितिमा नियमित रुपमा सेवा सञ्चालन गरिएको बडा कार्यालयले जनाएको छ।

बडा अध्यक्ष केसीले गर्भवतीको स्वास्थ्य सुरक्षालाई प्राथमिकतामा राखदै बडाभित्र नि:शुल्क भिडियो एक्सरे सेवा सञ्चालन गरिएको बताए। उनले पोर्टेबल भिडियो एक्सरे मेसिनमार्फत् स्वास्थ्यकर्मीहरुले स्वास्थ्य केन्द्रबाट सेवा दिन थालेको जानकारी दिए। स्वास्थ्य केन्द्रबाट गर्भवतीलक्षित सेवामात्र नभइ दीर्घरोगीहरुका लागि समेत विशेष सुविधा उपलब्ध गराइएको बताए। बडा कार्यालयका अनुसार विभिन्न दीर्घ तथा जटिल रोगबाट पीडित बिरामीलाई स्वास्थ्य केन्द्रमार्फत् नियमितरुपमा नि:शुल्क औषधि वितरणसमेत भइरहेको छ।

आगामी आर्थिक वर्षदेखि महिनामा तीन दिन विशेषज्ञ चिकित्सकसहितको विशेष स्वास्थ्य सेवा सञ्चालन गर्ने योजना रहेको बडा अध्यक्ष केसीले बताए। स्वास्थ्य सेवालाई थप प्रभावकारी, पहुँचयोग्य र नागरिकमैत्री बनाउने उद्धेश्यले रेडियोलोजिष्टसहित विभिन्न विशेषज्ञ चिकित्सकको उपस्थितिमा स्वास्थ्य शिविर तथा परामर्श सेवा सञ्चालन गर्ने तयारी गरिएको उनले जानकारी दिए।

सेवा सुरु भएसँगै सामान्य भिडियो एक्सरे परीक्षणका लागि अस्पताल वा निजी क्लिनिक धाउनुपर्ने तथा अतिरिक्त आर्थिक भार व्यहोर्नुपर्ने स्थानीय गर्भवतीको बाध्यता हट्ने र स्वास्थ्य बच्चा जन्मने अपेक्षा गरिएको छ। गर्भमा रहेका शिशुको अवस्था नियमितरुपमा निगरानी गर्न तथा समभावित स्वास्थ्य समस्याको समयमै पहिचान गरी आवश्यक उपचार प्रक्रिया अघि बढाउन सेवा प्रभावकारी हुने विश्वास गरिएको छ।

शनिबारमात्र बिढा ढिंढा कस्तो होला ?

सन्देश संवाददाता

काठमाडौं/कोशी प्रदेश सरकारले सातामा दुई दिन दिईदै आएको सार्वजनिक बिदाबारे पुनर्विचार गर्ने संकेत गरेको छ। प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार काकीले सामाजिकसञ्जालमार्फत् यस विषयमा नागरिकको रायसुझाव आह्वान गरेका छन्।

मुख्यमन्त्री काकीले हालको पाँच दिने कार्यप्रणालीबाट अपेक्षित परिणाम प्राप्त नभएको उल्लेख गर्दै मन्त्रालय तथा मातहत कार्यालयमा पुन: सातामा छ दिन काम गर्ने व्यवस्था लागू गर्न सकिने संकेत गरेका छन्। उनले शनिबारमात्र बिदा राख्ने पुरानै प्रणाली उपयुक्त हुनसक्ने भन्दै जनताको धारणा जान्न चाहेको बताएका छन्।

सामाजिकसञ्जालमा उनले लेखेका छन्-कोशी प्रदेशका मन्त्रालय र मातहत कार्यालयमा पुन: सातामा छ दिन कार्यसञ्चालन गरी शनिबार मात्र बिदा दिने व्यवस्था लागू गर्दा कस्तो होला ? पाँच दिने कार्यसप्ताह बाट न कार्यदिन पर्याप्त देखियो, न त खर्च र इन्धन बचतमा उल्लेखनीय उपलब्धि हासिल भयो। यस विषयमा तपाईहरुको सुझावको अपेक्षा गर्दछु।

संघीय सरकारले इन्धन आपूर्तिमा देखिएको दबाबलाई ध्यानमा राख्दै चैत २२ गतेको मन्त्रिपरिषद् बैठकबाट सातामा दुई दिन सार्वजनिक बिदा दिने तथा कार्यालय समय बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म कायम गर्ने निर्णय गरेको थियो। तर, उक्त व्यवस्थाप्रति विभिन्न क्षेत्र बाट असन्तुष्टि व्यक्त हुँदै आएको छ।

सेवाग्राहीले सरकारी सेवा लिन कठिनाइ भएको, अस्पतालका ओपीडी सेवामा प्रभाव परेको तथा विद्यालय र कलेजमा अध्ययन-अध्यापनको तालिका व्यवस्थापन गर्न समस्या भएको गुनासो बढ्दै गएको छ। यही सन्दर्भमा कोशी प्रदेश सरकारले हप्ताको दुई दिने बिदाको प्रभावकारिताबारे पुन: समीक्षा गर्दै आवश्यक निर्णयका लागि सुझाव संकलन प्रक्रिया अघि बढाएको जनाएको छ।

भदौ १७ गते मकवानपुरको लागि ऐतिहासिक दिन घोषणा हुदै

सन्देश संवाददाता

हेटौंडा/सर्वधर्म सद्भाव ऐक्यबद्धता महाअभियानले आगामी भदौ १७ गते मकवानपुरलाई 'धार्मिक द्वन्द्वमुक्त जिल्ला' घोषणा गर्ने भएको छ।

आइतबार हेटौंडामा सबै धर्मका गुरु, अगुवा तथा नागरिक समाजका सदस्यहरुको भेलाले गठित महाअभियानले भदौ १७ गते मकवानपुरलाई धार्मिक द्वन्द्वमुक्त जिल्ला घोषणा तयारी गरेको हो। महाअभियानका अध्यक्ष राजेश वाग्लेले सबै धर्म र सम्प्रदायको सहभागितामा 'मकवानपुरमा कुनै पनि धार्मिक द्वन्द्व छैन र हुन दिने छैन' भन्ने सन्देश दिन कार्यक्रम आयोजना गर्न लागिएको बताए।

उनले भने, 'हामी संस्था वर्ता गरेर औपचारिकरुपमै धार्मिक समुदायमा सद्भाव कायम राख्दै यो अभियानलाई मकवानपुरबाट देशका ७७ वटै जिल्लाहरुमा पनि लैजाने तयारीमा छौं।'

कार्यक्रममा हेटौंडा उपमहानगर-४ का वडाध्यक्ष नविन सिस्देलले महाअभियानले देशैभर सन्देश प्रवाह गर्न सक्नु पर्ने बताउदै एआईको जमाना भन्दै हामीले नैतिकता हरा-एको समाजतर्फ उन्मुख हुदै गएकोमा चिन्ता व्यक्त गरे।

कार्यक्रममा रामानुज गुरु, विश्व हिन्दू महासंघ मकवानपुरका अध्यक्ष उत्तम शर्मा ढकाल, मकवानपुर पादरी संघका अध्यक्ष सुवास गोपाली, लामागुरु शेराब दोर्जे लामा, मुस्लिम धर्मका गुरु मोहम्मद अलि, तयस अन्सारी, ब्रम्हकुमार राजयोग सेवा केन्द्रकी सहप्रमुख रेवती दिदी, आर पी अधिकारी, विशालराज महत, डा. अर्पण पराजुली, सरस्वती थिङ, रास्वपा मकवानपुरका सचिव विशभ अधिकारी, प्रगतिशील लोकतान्त्रिक पार्टीका नेता तेज उप्रेती, रमेश, नेकपा एमाले हेटौंडाका अध्यक्ष बोलबहादुर कार्की, भीमसेन महतलगायतका विभिन्न वर्ग सम्प्रदायका व्यक्तिहरुले महाअभियान-लाई सफलताको शुभकामना प्रदान गरेका थिए।

भेलाले राजेश वाग्लेको अध्यक्षमा सर्वधर्म सद्भाव ऐक्यबद्धता महाअभियान तदर्थ समिति गठन गरेको छ। समितिमा उपाध्यक्षहरु तुलसी गिरि, रमिला शर्मा आचार्य, तैयस अन्सारी, सरस्वती कुमारी थिङ रहेका छन्। यस्तै, महासचिमा रामकुमार एलन, सचिवमा बिजय बजगाई, कोषाध्यक्षमा सीतादेवी भेटवाल र सहकोषाध्यक्षमा शेर मोहम्मद अन्सारी रहेका छन्। समितिका सदस्यहरुमा तुलसी नारायण तिमल्सिना, सफल अधिकारी, बोलबहादुर कार्की, आरती पाठक, शुभलक्ष्मी वाइबा र विवेक अधिकारी रहेका छन्।

रोटरी क्लब अफ हेटौंडाद्वारा सस्थापना गरिएको स्व.प्रजाराज बैद्यको नाममा स्थापित Rotary Vocational Excellence Award-२०८३ द्वारा सिद्धार्थ माध्यमिक विद्यालयका पूर्व प्रधानाध्यापक गोकुललाल श्रेष्ठलाई शनिवार हेटौंडामा सम्मान गरिएको छ। सकारात्मक सोचका धनी, ४५ वर्षभन्दा लामो अवधि अध्यापन र विद्यालयको लामो समयसम्म सेवा गरेका श्रेष्ठलाई मकवानपुरकै शिक्षा क्षेत्रमा अतुलनीय योगदान पुऱ्याएापत सम्मान गरिएको हो।

तस्विर: नविन सिस्देल

सम्मानित भए २९४ विद्यार्थी

सन्देश संवाददाता

हेटौंडा/निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याल्सन) मकवानपुरले २०८२ को माध्यमिक शिक्षा परीक्षा (एसईई) मा उत्कृष्ट नतिजा हासिल गर्ने २ सय ९४ विद्यार्थीलाई सम्मान गरेको छ।

एसईई परीक्षामा ४ जीपीए प्राप्त गर्ने मकवानपुरका १३ विद्यार्थीलाई जनही पाँच हजार नगद, प्रमाणपत्र तथा खादा प्रदान गरी सम्मान गरिएको थियो। ३.६० माथि जीपीए हासिल गर्ने विद्यार्थीलाई प्रमाणपत्र, मायाको चिनो र खादा प्रदान गरिएको थियो।

कार्यक्रममा ४ जीपीएसहित उत्कृष्ट नतिजा ल्याउन सफल बालजागृति इङ्ग्लिस सेकेन्डरी विद्यालय, ज्ञानदीप शिक्षा निकेतन, नवोदय शिशु सदन, बहुमदिक एकेडेमी र फ्याम्केलो एकेडेमीलाई सम्मान गरिएको थियो। शतप्रतिशत् नतिजा ल्याउन सफल तुल्सीमेहर मेमोरियल माध्यमिक विद्यालय, ज्ञानोदय बालबाटिका आवासीय माध्यमिक विद्यालय, पालुङ इङ्ग्लिस सेकेन्डरी विद्यालय, पालुङ मोडर्न इङ्ग्लिस मिडियम विद्यालय तथा पालुङ भ्याली हार्ट एकेडेमीलाई पनि सम्मान गरिएको थियो।

औसत जीपीए ३.४२ सहित उत्कृष्ट नतिजा ल्याउने सिद्धार्थ शिशु सदन माध्यमिक विद्यालय, औसत जीपीए ३.३१ सहित सोलिड्यारिटी इन्टरनेसनल एकेडेमी तथा औसत जीपीए ३.१२ सहित जेनिथ इन्टर नेसनल सेकेन्डरी विद्यालयलाई समेत सम्मान प्रदान गरिएको थियो। सामुदायिक विद्यालयतर्फ ४ जीपीए हासिल गराउन सफल बालज्योति माध्यमिक विद्यालयलाई सम्मान गरिएको थियो।

प्याल्सन मकवानपुर अध्यक्ष बिनोद सुबेदीको सभाध्यक्षतामा आयोजित कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुर प्रमुख ललित घलानको प्रमुख आतिथ्यता थियो। कार्यक्रममा राष्ट्रिय परीक्षा बोर्ड हेटौंडा शाखा प्रमुख बद्री पाठक, शिक्षा विकास तथा समन्वय एकाई मकवानपुर प्रमुख सुदीप गिरी, प्याल्सन मकवानपुर सल्लाहकार मदनकुमार दाहाल, ऋषिराम नाकाबाट नेपाली बजारमा भित्रिएको छ। यस वर्ष मधेश प्रदेशको आठ जिल्लामा ८० प्रतिशत् आँप उत्पादन भएको छ। मधेश प्रदेशमा यस वर्ष किसानले करिब ३० हजार ८ सय हेक्टर क्षेत्रफलमा आँपखेती गरेकोमा ४० अर्ब ४० करोड मूल्यबराबरको चार लाख मेटन बढी आँप उत्पादन भएको आँकलन गरिएको छ।

चैत/बैशाख महिनामा आएको हावाहुरी, असिना तथा मधुवा रोगका कारण आँपमा केही प्रभाव परेपछि सोचेजति आँप उत्पादन हुन नसकेको हो। आँप पाक्ने सिजन नभए पनि व्यापारीले बढी नाफा कमाउने लोभामा काँचो आँपमा विषादी प्रयोग गरेर नेपाल पठाउने गरेकाले उपभोक्ताको स्वास्थ्यमा नकारात्मक प्रभाव पर्ने चिकित्सक बताउँछन्। आयातमा प्रतिबन्ध लगाए पनि नेपाल-भारतबीच रहेको खुला सीमाका कारण तस्करले उक्त नाकाबाट भारतीय आँप भित्र्याउने गरेको पाइएको छ।

तस्करहरु भित्र्याउँदै भारतीय आँप

सन्देश संवाददाता

जनकपुरधाम/भारतबाट आयात हुने आँपमा पोगाधिकार कायम गरिएको छ। संघीय सरकारको कृषि तथा पशुपक्षी मन्त्रालयले भारतबाट आउने आँपमा कडा रसायन भेटिएकाले बैशाखदेखि नै पूर्णरुपमा बन्द गरिएको क्वारेन्टाइन कार्यालय भिठामोडले जनाएको छ।

आँपखेतीमा नेपालको किसानलाई आत्मनिर्भर बनाउने सरकारको नीतिका कारण भारतीय आँप नेपालमा प्रतिबन्ध गरिएको कार्यालयका निमित प्रमुख किशोर कुमार यादबले बताए।

चालू आवको चैतदेखि हालसम्म १० लाख मूल्यबराबरको १५.८ मे टन भारतीय आँप भिठामोड

पालिकास्तरीय आठौं फुटसल र निङ शिल्ड प्रतियोगिता हुने

हेटौंडा/मकवानपुरगढी गाउँपालिकामा पालिकास्तरीय आठौं संस्करणको फुटसल रनिङ शिल्ड प्रतियोगिता-२०८२ आयोजना हुने भएको छ। प्रतियोगितावारे जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा आयोजकले प्रतियोगिता आगामी जेठ ३१ गतेदेखि असार १ र २ गतेसम्म सञ्चालन हुने जनाएको छ।

प्रतियोगिताका खेलहरु मकवानपुरगढी गाउँपालिका-३, मकाञ्चुलीस्थित भानु माध्यमिक विद्यालयको फुटसल मिनि पिचमा सञ्चालन गरिने भएको छ। स्थानीय स्तरमा खेलकुदको विकास, युवाहरूमा खेलप्रति रुचि अभिवृद्धि तथा प्रतिभावान खेलाडीहरूको पहिचान गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको आयोजकको भनाइ छ।

आयोजकका अनुसार प्रतियोगितामा गाउँपालिकाका आठवटै वडाबाट १६ वटा टोलीको सहभागिता रहने अपेक्षा गरिएको छ। प्रतियोगितामा सहभागी हुने टोलीका लागि प्रति टोली ५ हजार प्रवेश शुल्क निर्धारण गरिएको छ।

प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने टोलीलाई आकर्षक नगद पुरस्कारको व्यवस्था गरिएको छ। विजेता टोलीले ७५ हजार नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टोलीलाई ५० हजार नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिनेछ।

प्रतियोगिता सञ्चालनका लागि करिब ५ लाख रुपैया खर्च लाग्ने अनुमान गरिएको आयोजकले जनाएको छ। प्रतियोगितासम्बन्धी जानकारी दिँदै खेलकुदमार्फत् युवाहरूलाई शारिरीक अभ्यास, सकारात्मक र सिर्जनशील गतिविधिमा जोड्ने तथा स्थानीय खेल प्रतिभालाई प्रोत्साहन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको बताए।

प्रतियोगिताको मुख्य प्रायोजन मकवानपुरगढी गाउँपालिका बडा नम्बर-३ बडा कार्यालयले गरेको छ भने प्रतियोगिताको आयोजना फुटसल रनिङ शिल्ड प्रतियोगिता खेलकुद समितिले गरेको हो। आयोजकले प्रतियोगितालाई सभ्य भव्य र पूर्ण सफल बनाउन सम्पूर्ण खेलप्रेमी, स्थानीयवासी तथा सरोकार वाला निकायहरूको सक्रिय सहयोग र सहभागिताका लागि आग्रह गरेको जनाएको छ।

दोलखामा झ्ँक्री सम्मेलन

दोलखा/दोलखा सदरमुकाम चरिकोटमा नेपालमै पहिलो पटक झाँक्री सम्मेलन भएको छ। संस्कृति समाज नेपाल दोलखाले सम्मेलन आयोजना गरेको हो।

जिल्लामा छरिएर रहेका झाँक्रीहरुबीच समन्वय र सहकार्य गर्दै साझा उद्धेश्यका लागि मिलेर काम गर्ने उद्धेश्यसहित जिल्लास्तरीय सम्मेलन आयोजना गरिएको संस्कृति समाज नेपाल दोलखा अध्यक्ष पुरुषोत्तम केसीले बताए।

सम्मेलनमा सहभागी झाँक्रीहरु दोलखा सदरमुकाम चरिकोटमा भेला भएर बजार परिक्रमा गर्दै दोलखा भीमेश्वर मन्दिर पुगेका थिए। भीमेश्वर नगरपालिका बडा नम्बर-३ मा रहेको संस्कृति समाज नेपाल दोलखाको कार्यालयसमेत उद्घाटन गरिएको थियो।

यहा नगरपालिका बडा नं. ५ खोलाघारीस्थित बिष्णुबहादुर गुरुङको कित्ता नं. १२७९, १२२८,१२८८ र २९०५ र ऐऐ बडा खोपीगैरास्थित ठूलीकान्छी गुरुङको कि.न. १३१३ को जग्गाहरुबाट बालुवा उत्खनन् तथा प्रशोधन गरी बिक्री वितरण गर्ने।

प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारीसम्बन्धि सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८३/३/२५ गते)

बागमती प्रदेश, मकवानपुर जिल्ला, यहा नगरपालिका-५ खोलाघारीस्थित बिष्णुबहादुर गुरुङको कि.न १२७९,१२२८,१२८८,२९०५ र ऐऐ वडास्थित ठूलीकान्छी गुरुङको खोपीगैरासको कि नं.१३१३ को नीजि जग्गाहरुमा निम्नअनुसारको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

प्रस्तावकको नाम तथा ठेगाना	श्री बिराज माटो उत्खनन् तथा व्यवस्थापन र निर्यात फर्म यहा नगरपालिका-५, मकवानपुर बिष्णुबहादुर गुरुङ फोन नं.: ९८४५७९५५२७
प्रस्तावको व्यहोरा	बागमती प्रदेश, मकवानपुर जिल्ला, यहा नगरपालिका-५ खोला घारीस्थित बिष्णुबहादुर गुरुङको कित्ता नं. १२७९, १२२८,१२८८, २९०५ र ऐऐ बडा खोपीगैरास्थित ठूलीकान्छी गुरुङको कि.नं. १३१३ को नीजि जग्गामा निम्नअनुसारको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।
प्रभाव पर्ने सक्ने जिल्ला/गापा/वडा	मकवानपुर जिल्ला, यहा नगरपालिका, वडा नं. ५

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणालीबिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको स्थानीय तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय/सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुर्ने गरी लिखित राय/सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

राय सुझावका लागि पत्राचार गर्ने ठेगाना :
१. यहा नगरपालिका ५ नं. वडा कार्यालय
२. सम्पर्क व्यक्ति : बिष्णुबहादुर गुरुङ फोन नं.: ९८४५७९५५२७
परामर्शदाताको नाम र ठेगाना :
३. एडभान्स रिसर्च एण्ड कन्सल्टेन्सी प्रा.लि.
हेटौंडा-१ मकवानपुर। सम्पर्क : (मो) ९८४०९८३४३३
Email:advanceresearchconsult@gmail.com

इतिहासमा गौरव बोकेको, गुणस्तरीय विश्वाशिलो नाम
शिक्षा, अनुशासन र सफलताको पहिचान
"आजको सही निर्णय, भोलिको सफल भविष्य"
भुटनदेवी माध्यमिक विद्यालयमा
!! भर्ना खुल्यो !!
अब आफ्नो उज्जवल भविष्यको सुरुवात गर्नुहोस्,
अनुभवि शिक्षक, आधुनिक शिक्षा प्रणाली र अनुशासित
शैक्षिक वातावरणसहित
विषयहरु :
▶विज्ञान विषय (Science)
▶व्यवस्थापन विषय (Management)
▶होटल म्यानेजमेण्ट (Hotel Management)
▶सिभिल इन्जिनियरिङ विषय (Civil Engineering)
▶शिक्षा र कम्प्युटर विषय (Education & Computer)
शैक्षिक उष्कृटताको लामो इतिहास बोकेको यस
विद्यालय हाल ISO Certification प्रक्रियामा
अग्रसर हुदै अझ गुणस्तरीय र अन्तराष्ट्रियस्तरको
शिक्षातर्फ उन्मुख छ।
हाम्रा विशेषताहरु :
◆दक्ष तथा अनुभवी शिक्षकहरु ◆व्यवस्थित कक्षा कोठाहरु
◆आधुनिक प्रयोगशाला ◆प्रविधिमैत्री शिक्षण सिकाई
◆उत्कृष्ट नतिजा ◆पर्याप्त खेल मैदान
◆GPA अनुसार पूर्ण छात्रवृत्तिको व्यवस्था भएको
तपाईको सपना र सफलताको यात्रामा
संधै एक कदम अगाडि
आजै आफ्नो सिट सुरक्षित गर्नुहोस्
थप जानकारी तथा भर्नाको लागि विद्यालयमा सम्पर्क राख्नुहोला।
भुटनदेवी माध्यमिक विद्यालय
सम्पर्क: ०५७-५२०४२०, ९८५५०७०५३५, ९८४५४५९५०८

प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देशका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना, कार्यालय: हेटौंडा-२ नगरपालिका रोड, फोन: ०५७-५२२२३७, ५२४१३६, E-mail: htd.sandesh@gmail.com, प्रबन्ध निर्देशक/सम्पादक: माधव न्यौपाने